# मुखियापट्टी मुसहरनिया गाउँपालिका
## गाउँ शिक्षा योजना
## (२०८१/८२–२०८५/०८६)
## मुखियापट्टी मुसहरनिया गाउँपालिका




तुलसियाही जब्दी, धनुषा

तयारकर्ता

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

दस्तावेजः स्थानीय तहको शिक्षा योजना, मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषा, मधेश प्रदेश

प्रकाशकः मुखियापट्टी मुसहरनिया गाउँपालिका ,धनुषा

प्रकाशन प्रतिः

सर्वाधिकारः प्रकाशकमा

प्रकाशन मितिः २०८१

योजना तयारी टीमः

१.राम पुकार दास, प्रशासन शाखा प्रमुख

२.बैद्यनाथ यादव, शिक्षा युवा तथा खेलकुद शाखा

३.तप नारायण साह, योजना शाखा प्रमुख

४.हिरावन यादव, लेखा शाखा

५.श्याम महतो, शिक्षक

६.सन्जय कुमार मिश्र, शिक्षक

७.मनोज बिष्ट, कम्प्युटर अपरेटर

८.

९.

प्राविधिक सहयोग गाउँ शिक्षा समितिः मुखियापट्टी मुसहरनिया गाउँपालिका

सामाजिक बिकास शाखाः मुखियापट्टी मुसहरनिया गाउँपालिका

महिला तथा बालबालिका शाखाः मुखियापट्टी मुसहरनिया गाउँपालिका

योजना शाखाः मुखियापट्टी मुसहरनिया गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखाः मुखियापट्टी मुसहरनिया गाउँपालिका

रोजगार शाखाः मुखियापट्टी मुसहरनिया गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

# हाम्रो भनाई

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ ।मुखियापट्टी मुसहरनिया गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४– २०३३) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाह प्रति विशेष धन्यवाद दिन चाहन्छु ।

..........................

जय कुमार यादव

अध्यक्ष

मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषा

प्रमुख प्रशासकीय अधिकृत

## प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुर्याउँछ।

मुखियापट्टी मुसहरनिया गाउँपालिका गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने पालिका स्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टर, युनिसेफ नेपाल तथा Early Grade Learning परिवारलाई धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नु हुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सुझाव प्रदान गरी सहयोग पुऱ्याउने गाउँपालिका परिवार, गाउँशिक्षा समिति, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

.........................

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

# विषयसुची


योजनाको सारांश ....................................................................10

विषय प्रवेश: ....................................................................10

मुखियापट्टी मुसहरनिया गाँउपालिकामा योजना निर्माणको औचित्य ..........................11

मुखियापट्टी मुसहरनिया गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार ..........................11

शिक्षा योजना निमार्ण प्रकिया ....................................................................12

योजनाको लेखाजोखा ....................................................................13

परिच्छेद १ : परिचय ....................................................................16

१. वर्तमान अवस्था ....................................................................16

१.१ निति ,कार्यविधि ,योजना वार्षिक कार्यक्रम, योजना शिक्षा योजना वनाउन चाहेका सन्दर्भ ............16

क. भौगोलिक तथा जनसाङ्ख्यिक अवस्था ....................................................................16

ख. सामाजिक तथा सांस्कृतिक अवस्था ....................................................................17

ग. आर्थिक अवस्था ....................................................................17

घ. शैक्षिक अवस्थाको विश्लेषण ....................................................................18

ङ. शैक्षिक उपलब्धिको अवस्था ....................................................................19

प्रारम्भिक बाल विकास तथा शिक्षा ....................................................................19

आधारभुत शिक्षा ....................................................................20

माध्यमिक शिक्षा ....................................................................20

मुख्य समस्या तथा चुनौतीको विश्लेषण : ....................................................................22

१.२.२ कमजोर पक्षहरु (Weaknesses): ....................................................................22

१.२.३ अवसरहरू (Opportunities): ....................................................................23

१.२.४ चुनौतीहरु (Threats): ....................................................................23

परिच्छेद २ दुरदृष्टि ,ध्येय ,रणनीति तथा लक्ष्य ....................................................................25

२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिईएका आधार आधारहरु: ..........................25

२.२ मुखियापट्टी मुसहरनिया गाँउपालिकाको शैक्षिक दूरदृष्टि ..........................25

२.३ लक्ष्य: ....................................................................25




प्रमुख प्रशासकीय अधिकृत

... कुमार ... अध्यक्ष

२.४ उद्देश्य:......25

२.५ रणनीतिहरुः......26

२.६. अपेक्षित मुख्य उपलब्धिहरुः......27

२.७ लक्ष्य निर्धारण:......29

२.७.१ प्रारम्भिक बाल बकास तथा शिक्षा......29

२.७.२ आधारभुत शिक्षा......29

२.७.३ माध्यमिक शिक्षा......30

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु......31

३.१ प्रारम्भिक बालविकास र शिक्षा......31

३.१.१ बालविकास तथा शिक्षाको वर्तमान अवस्था:......32

३.१.२ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरुः......32

३.१.३. उद्देश्यहरुः......33

३.१.४. रणनीतिहरू......33

३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......34

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......35

३.१.६. बाल विकास तथा शिक्षा कार्यक्रमको लागि बजेट बिनियोजन......36

३.२ आधारभूत शिक्षा......38

३.२.१.मुखियापट्टी मुसहरनिया गाँउपालिकाको वर्तमान अवस्था......39

३.२.२ आधारभूत शिक्षामा देखिएका विद्यमान समस्या चुनौतिहरु......39

३.२.३ उद्देश्य......40

३.२.४ रणनीतिहरु......40

३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु......41

३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य......45

३.२.६. आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट()रु .हजारमा)......48

३.३ माध्यमिक शिक्षा......50

३.३.१ वर्तमान अवस्था......50



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

CamScanner

३.३.२ माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरु ....51
३.३.३. उद्देश्यहरु ....51
३.३.४ रणनितिहरु ....51
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ....52
३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य संचालन गर्न बजेट (रु. हजारमा) ....55
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम: ....57
३.४.१ वर्तमान अवस्था: ....57
३.४.२ उद्देश्य: ....57
३.४.३ रणनीति: ....58
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा: ....58
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य: ....59
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ....61
३.६.१ वर्तमान अवस्था ....61
३.६.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ: 62
३.६.३ .उद्देश्य: ....63
३.६.४ रणनितिहरु: ....63
३.६.५ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य ....63
३.६.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ....65
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ....67
४.१ पाठयक्रम तथा मुल्यांकन ....67
४.१.१ वर्तमान अवस्था ....67
४.१.२ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरू: ....68
४.१.३ उद्देश्य: ....69
४.१.४ रणनीतिहरू: ....69
४.१.५ प्रमुख उपलब्धि तथा नतिजा ....70
४.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य: ....71



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार
अध्यक्ष

४.२ शिक्षक व्यवस्थापन र विकास ..... 73

४.२.१ परिचय ..... 73

४.२.२ वर्तमान अवस्था ..... 73

४.२.३ . शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् ..... 74

४.२.४.उद्देश्य: ..... 74

४.२.५ रणनीतिहरू: ..... 74

४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य: ..... 75

४.२.७. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य (बजेट रु. हजारमा) ..... 77

४.३ शैक्षिक समता र समावेशीकरण ..... 79

४.३.१ वर्तमान अवस्था: ..... 79

४.३.२ शैक्षिक समता र समावेशीकरणका चुनौतीहरू: ..... 80

४.३.२ उद्देश्यहरू: ..... 80

४.३.३ शैक्षिक समता र समावेशीकरणका लागि रणनीतिहरू: ..... 81

उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य: ..... 81

४.३.४ अपेक्षित उपलब्धिहरु: ..... 81

४.३.५ अपेक्षित नतिजाहरु ..... 82

४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ..... 82

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ..... 84

४ .४.१ वर्तमान अवस्था ..... 85

४.२.२ उद्देश्य: ..... 85

४.४.३ रणनीतिहरू: ..... 85

४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 86

ग. परिमाणात्मक लक्ष्य: ..... 86

४.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य: ..... 87

४.५ . विद्यालय सुरक्षा, विद्यालय विपद जोखिम न्यूनिकरण तथा उत्थानशील शिक्षा ..... 88

४.५.३.विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा क्षेत्र प्रमुख चुनौतीहरू ..... 89




प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

४.५.५ रणनीतिहरू....................................................................90
४.५.६ प्रमुख उपलब्धि तथा नतिजाहरु:....................................................................91
ग) परिमाणात्मक लक्ष्य:....................................................................91
४.५.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:....................................................................92
४.६ विद्यालय भौतिक पूर्वाधार विकास....................................................................93
४.६.१ वर्तमान अवस्था:....................................................................94
४.६.२ चुनौतीहरू:....................................................................94
४.६.३ उद्देश्य:....................................................................94
४.६.४ रणनीतिहरू:....................................................................94
४.६.५ प्रमुख उपलब्धि तथा नतिजाहरु:....................................................................95
४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य....................................................................96
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि....................................................................97
४.७.१ वर्तमान अवस्था....................................................................97
४.७.२ चुनौतीहरू....................................................................97
४.७.३ उद्देश्यहरू....................................................................98
४.७.४ रणनीतिहरू....................................................................98
४.७.५ प्रमुख उपलब्धि र नतिजा....................................................................98
४.७.५ प्रमुख नतिजा र लक्ष्य....................................................................99
प्रमुख क्रियाकलाप र लक्ष्य:....................................................................101
परिच्छेद ५. सुशासन तथा व्यवस्थापन....................................................................102
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास....................................................................102
५.१.१ वर्तमान अवस्था....................................................................103
५.१.२ उद्देश्य....................................................................103
५.१.३ रणनीतिहरू....................................................................103
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप, र लक्ष्य....................................................................103
५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................................105



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ....106
५.२.१ वर्तमान अवस्था ....106
५.२.२ मुख्य चुनौतीहरू ....106
५.२.३ उद्देश्य ....106
५.२.४ रणनीति ....106
५.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरुः ....107
५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....107
परिच्छेद ६ . लगानी र स्रोत व्यवस्थापन ....108
६.१ वर्तमान अवस्था ....108
६.३ शिक्षामा लगानी र चुनौतीहरू ....108
६.४ उद्देश्यः ....109
६.६ प्रमुख उपलब्धिहरू ....111
६.७ प्रमुख क्रियाकलाप र लक्ष्य ....111
६.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ....112
परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन ....113
७ .१ वर्तमान अवस्था ....113
७ .३ उद्देश्यः ....113
७.४ रणनीतिहरू ....113
७.५ प्रमुख उपलब्धि तथा नतिजा ....114

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष



CamScanner

## योजनाको सारांश

नेपालले गुणस्तरीय शिक्षाका लागि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अन्तर्गत संघीय, प्रदेश, र स्थानीय तहले विभिन्न क्रियाकलाप संचालन गरेका छन् । यस योजनाले विशेषगरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्ने, शिक्षामा समावेशीकरण प्रवर्द्धन गर्ने, र शिक्षाका लागि दिगो पूर्वाधार विकास गर्ने उद्देश्य राखेको छ ।

शिक्षा नीति तथा कार्ययोजना कार्यान्वयनमा प्रादेशिक शिक्षा सुधार पहल र स्थानीय तहका शिक्षा कार्यालयहरूलाई सक्रिय बनाइएको छ । यस क्रममा शिक्षाका लागि विभिन्न स्रोत परिचालन गरी स्थानीय शिक्षा योजना (LESP) तयार गर्न तथा लागू गर्न जोड दिइएको छ ।

यसका साथै शिक्षा क्षेत्रमा डिजिटल प्रविधि, बालमैत्री पूर्वाधार निर्माण, र दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न विशेष ध्यान दिइएको छ । संघीय सरकार र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा शिक्षामा गुणस्तर सुधार गर्न थुप्रै कार्यक्रमहरू सञ्चालन गरीएका छन् ।

सारांशमा, नेपालको शिक्षा क्षेत्रमा सुधारका लागि दिगो विकास लक्ष्य अन्तरगत सन् २०३० सम्म शिक्षा नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । गुणस्तरीय, समावेशी, र लचिलो शिक्षाका लागि ठोस कदम चालिएको छ ।

**विषय प्रवेश:**

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरी प्राप्त सफलताहरूलाई उजागर गर्दै, शिक्षा क्षेत्रमा गुणस्तर, पहुँच, समावेशिता, र दिगोपन सुनिश्चित गर्नका लागि शिक्षा अभियानको नयाँ अवधारणा प्रस्तुत गरिएको छ । नेपालका विश्वविद्यालय तहका शिक्षाका सुधारका लागि विश्वविद्यालय शिक्षा क्षेत्र अभियान सञ्चालनमा रहेको छ । त्यसैगरी, प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको अभियानलाई थप सशक्त बनाउन काम भइरहेको छ ।

स्थानीय तहमा पनि बालमैत्री तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय संरचनाहरू सक्रिय रूपमा कार्य गरीराखेका छन् । समग्रमा, शिक्षा प्रणालीमा रहेका चुनौतीहरूलाई समाधान गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यले यस अभियानलाई व्यवस्थित रूपले अगाडि बढाइएको छ ।

नेपालको शिक्षा प्रणाली, विद्यालय शिक्षा क्षेत्र, सामुदायिक र निजी शिक्षाका कार्यक्रमहरू, शिक्षक व्यवस्थापन, पाठ्यक्रम सुधार, तथा शैक्षिक पुनर्संरचनाको आवश्यकताले प्रेरित भएर स्थानीय स्थानीयतहमा शिक्षा अभियान सञ्चालनमा आएको हो । शिक्षा क्षेत्रमा गुणस्तर सुधार, पहुँच विस्तार, र समावेशिता सुनिश्चित गर्न, स्थानीय स्थानीय तहका शिक्षा योजनाहरूलाई प्रभावकारी बनाउँदै लैजाने



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

उद्देश्यले स्थानीय सरकार, सरोकारवाला निकाय, र शिक्षासँग सम्बन्धित साझेदार संस्थाहरूको सहकार्यमा अभियान अघि बढाइएको छ । शिक्षा अभियानले शिक्षामा रहेका चुनौतीहरू समाधान गर्दै गुणस्तरमा सुधार, सहभागिता र दिगोपनका सिद्धान्तहरूको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालको शिक्षा क्षेत्र योजना (Education Sector Plan) कार्यान्वयनको महत्वपुर्ण कडीको रूपमा स्थानीय तहका योजना र कार्यक्रमहरूलाई सहजीकरण गर्दै, शैक्षिक संरचनाको पुनर्संरचना, शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम अनुकूलन, र विद्यार्थी केन्दित बनाइएको छ ।

यस अभियानले शिक्षामा नवप्रवर्तन, दीगो विकासका लक्ष्यहरूसँग मिल्ने शैक्षिक उपलब्धिहरू, संस्थागत गर्न योगदान पुऱ्याएको छ । त्यसैले, स्थानीय तहमा यस अभियानको निरन्तरताका लागि सहकार्य, अनुगमन, र मूल्याङ्कनलाई व्यवस्थित रूपमा अघि बढाउनु पर्ने देखिन्छ ।

मुखियापट्टी मुसहरनिया गाँउपालिकामा योजना निर्माणको औचित्य

१. स्थानीय तहमा लागु गरीने शिक्षाको व्यवस्थापन Vertical/Horizontal प्रणालीमा आधारित स्पष्ट गर्न ।
२. स्थानीय र प्रादेशिक तहमा हुने कार्यहरूलाई शिक्षामा प्रभाक्कारी रुपमा समावेश गर्न अनुगमन, समीक्षा र प्रयोगात्मक कार्यान्वयन सुनिश्चित गर्न ।
३. कार्यान्वयन र अनुगमन प्रक्रियामा देखिएका समस्या, चुनौतीहरू, र उपलब्धिहरूलाई विश्लेषण गर्दै सुधारको लागि सिफारिस गर्न ।
४. समावेशी शिक्षामा सुधार नीति, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्न ।
५. शिक्षाको गुणस्तर सुधार गर्न राष्ट्रिय र स्थानीय स्तरमा परिणाममुखी कार्यहरू अघि बढाउन ।
६. गाउँपालिकाका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा एवं निशुल्क माध्यमिक शीक्षा सुनिस्चित गर्न

मुखियापट्टी मुसहरनिया गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार

यस गाँउपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ निमार्ण गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री तथा विज्ञहरुको सल्लाह सुझाव लिई शिक्षा योजना निर्माण गरिएको हो ।

- नेपालको संबिधान,२०७२
- सोहौं आवधिक योजना



जय कुमार यादव
अध्यक्ष

५. गाउ-टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता, सङ्घसस्था लगायत विभिन्न सरकारी, गैरसरकारी सङ्घसंस्था आदिके भेलामा छलफल गरी सुझाव संकलन ।

६. योजनाको मस्यौदा तयार ।

७. गाउँ शिक्षा समितिद्वारा मस्यौदागाउँ शिक्षा योजनामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण ।

८. गाउँ शिक्षा समितिद्वारा योजनाको अन्तिम मस्यौदा तयार ।

९. गाउँ शिक्षा समितिद्वारा गाउँ शिक्षा योजनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश

१०. कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यन ।

## योजनाको लेखाजोखा

शिक्षा योजना निमार्ण पश्चात यसको विश्वसनीयता, वस्तुनिष्ठ दिगोपन र आर्थीक लगानी योग्य छ कि छैन भनेर यस गाउँपालिका भित्र तथा बाहिरका विभिन्न शाखा तथा उप शा शाखा हरु सँगको समन्वय गरी यसको राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरुको सहि विश्लेषण गरी लेखाजोखा गरिएको जसमा मुखियापट्टी मुसहरनिया गाँउपालिकोे तपसिलका पक्षहरुलाई सहभागिता हुने गरी योजनाको लेखाजोखा गरेको छ ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation) | योजना निर्माणमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । गाउँ शिक्षा समितिकै नेतृत्वमा गाउँ शिक्षा योजना तयार परिएको छ। |
| २ | प्रयाप्त तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समावेश गरिएको रणनिति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रको मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी ESP Toolkit मा तययपिष्त सम्पुर्ण सुचनाहरु भरेको सोही औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ । |



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkits आधारित प्रक्षेपण गरिको आधारमा प्रथमिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था महिला पुरुषको मुद्धहरुलाई सम्बोधन गर्न कार्यक्रम समावेश गरिएको छ। |
| ४ | अन्तर सम्बन्ध (coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विद्यालय सुधार योजना, शिक्षक सुधार योजनासंग पनि अन्तर सम्बन्ध मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनामा समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबीच अन्तर सम्वन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्ष्ति वर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समावेश गरिएको छ । |
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चंरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको Toolkit लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि Toolkit ले गरेको तथ्यांक विक्ष्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको |



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

# परिच्छेद १ : परिचय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । सोही आधारमा बृहत दायित्व बोध गरी शिक्षाको विकास गर्नु अनिवार्य छ ।

कुनै पनि क्षेत्रको विकास " योजना बिना " अधुरो हुने हुँदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ । त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ । राणाकालमा पनि शिक्षाको विकास गर्न नखोजेका होइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खोजदा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ। नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन अनुसार २०११ मा पनि शिक्षा ब्यवस्था गरेको देखिन्छ । त्यसै गरी राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३३) र विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएको थियो । दिगो विकासका लागि शिक्षा कार्यक्रममा उल्लेखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजनाको मूल र मान्यताको आधारमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाले प्रभावकारी र उलिब्धीमूलक शिक्षा ब्यवस्थापन र सञ्चालन गर्न गाँउ शिक्षा योजना निमार्ण गरीएको हो ।

## १. वर्तमान अवस्था

### १.१ निति ,कार्यविधि ,योजना वार्षिक कार्यक्रम, योजना शिक्षा योजना बनाउन चाहेका सन्दर्भ

### क. भौगोलिक तथा जनसाङ्ख्यिक अवस्था

मधेश प्रदेशको ८ जिल्ला मध्ये एक धनुषा जिल्ला पनि हो, जहाँ ४ वटा निर्वाचन क्षेत्र रहेको छ। हाल यो गाउँपालिका निर्वाचन क्षेत्र न ३ को निर्वाचन क्षेत्र क अन्तगर्त पर्दछ। धनुषा जिल्लाका ६ गाउँपालिकाहरू मध्येको एक हो मुखियापट्टी मुसरनिया गाँउपालिका । मुखियापट्टी मुसरनिया, बहेडा वेला, तुल्सीयाही जब्दी, तुल्सीयाही निकास, नगराइन गाविसहरू मिलेर मुखियापट्टी मुसरनिया गाँउपालिका बनेको हो ।यो गाउँपालिको कुल क्षेत्रफल २६.८४ बर्गकिलो मिटर रहेको छ भने जनघनत्व १,१०० वर्ग कि.मि. छ । यस पालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन् ।

यस गाउँपालिको उतरमा धाघड नदि, दक्षिणमा भारतको मधुबनी जिल्ला र पूर्वमा नगराइन नगरपालिका छ भने पश्चिममा महोतरी जिल्लाको बिगीही नदि रहेको छ । यहाँको सबै भूभाग समथल नै रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

राष्टिय जनगणना २०७८ अनुसार मुखियापट्टी मुसरनिया गाँउपालिकाको कुल जनसंख्या २८,२०८ रहेको छ भने यहाँ ५,४३१ घरधुरी रहेको छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|---|
| महिला | 1975 | 1951 | 3405 | 2324 | 2058 | 2326 |
| पुरुष | 1955 | 2114 | 3429 | 2259 | 2003 | 2409 |
| वार्ड न. | १ | २ | ३ | ४ | ५ | ६ |

वार्ड न. पुरुष महिला

*श्रोत*- रा.ज.२०७८

**ख. सामाजिक तथा सांस्कृतिक अवस्था**

यस मुखियापट्टी मुसहरनिया गाउँपालिकामा सबैभन्दा बढी यादव, (कोइरी) महतो, सुडि जातिको वसोवास रहेका छ । त्यसैगरी मुस्लिम, तेली, कलवार, तत्मा, लोहार, हजाम, धोबी, दुसाध, मुसहर, मलाह, धानुक, ब्राहमण, कायस्थ, कुम्हार, इत्यादी जातिहरुको पनि बसोबास भएको पाइन्छ । यस क्षेत्रका धेरै मानिसहरूले हिन्दु धर्म मान्ने गरेका छन । त्यस पछि मुस्लिम धर्मावलम्वीको संख्या आउँछ । सबै जातिको -आफ्नो संस्कृति भए पनि यस क्षेत्रमा झिझिया र समचाकेवा, होलि गीत रनाचको विशेष महत्व रहेको पाइन्छ । धर्म विविध भए पनि छठ, होली, दशैं, तिहार, जितिया र मुस्लिमहरुको इद,,रमजाम तथा बकर इद जस्ता पर्वहरू भने यसक्षेत्रका बासिन्दाहरू मिलेर र सौहार्दपुर तरिकाले मान्दछन् ।

**ग. आर्थिक अवस्था**

यस पालिकाका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ । कृषिका अतिरिक्त केही मानिसहरू सरकारी तथा गैरसरकारी सेवामा संलग्न रहेका छन् भने केही व्यापार व्यावसायमा संलग्न भएका छन् ।त्यसै गरी ज्याला मजदुरी गरेर गुजारा गर्ने परिवार पनि छ । यो गाउँपालिकाका धेरै युवाशक्ति भने वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ । यस गाँउपालिकाले



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ ।यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । भारतीय सिमानासँग जोडीएको कारण यहाँका अधिंकास मानिसहरु भारततिर व्यापार तथा कामको लागि जाने गरेको पाइन्छ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ । कोभिड १९ महामारी ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यस गाँउपालिकाका बासिन्दाहरूका आर्थिक स्तर उकास्न एकीकृत कार्यक्रम सञ्चालन गर्न अवश्यक छ ।

**घ. शैक्षिक अवस्थाको विश्लेषण**

यस गाउँपालिककामा सबै प्रकारको विद्यालय गरी १३ वटा विद्यालय सञ्चालनमा रहेका छन्, ती मध्ये १२ वटा सामुदायिक विद्यालय छन । यस गाउँपालिकामा शुन्य दरबन्दी भएका ३ वटा विद्यालय रहेका छन् भने १ वटा धार्मिक विद्यालय रहेको छ र एक वटा नमुना कार्यक्रम सञ्चालन भएको सामुदायिक विद्यालय रहेको छ । त्यसैगरी यहाको शैक्षिक अवस्था हेर्दा, बालविकासमा खुद भर्ना दर ५७.२ प्रतिशत छ जुन राष्टिय औषत भन्दा निकै कम देखिन्छ । कक्षा १ मा खुद भर्ना दर ७८.० प्रतिशत रहेको छ, भने कक्षा १ देखि ५ सम्मका कुल भर्नादर ११५.६ प्रतिशत छ । कक्षा १ देखि ५ सम्मका खुद भर्नादर ९४.३ प्रतिशत रहेको छ भने, कक्षा ६ देखि ८ सम्मको खुद भर्ना दर ६१.१ प्रतिशत, र कक्षा ९ देखि १० सम्मको कुल खुद भर्नादर क्रमश ७४.२ र ४२.४ प्रतिशत रहेको छ । कक्षा ११ -१२ को कुल खुद भर्ना दर क्रमश १७.४ र ६.४ प्रतिशत रहेको छ । जसले विद्यालय भर्ना दर नाजुक अवस्थालाई चित्रण गर्दछ त्यसै गरी विद्यालयमा विद्यार्थीको टिकाउ दरको कुरा गर्ने हो भन्ने कक्षा ५ को टिकाउ दर ६६.० प्रतिशत छ भने कक्षा छोड्ने दर ५.४ प्रतिशत बालबालिका छन् । कक्षा १ देखि ८ सम्मको टिकाउ दर मात्र ५१.२ प्रतिशत रहेको छ भने कक्षा छोड्ने दर ९.२ प्रतिशत रेहको छ । कक्षा १ देखि १० को टिकाउ दर ४४.३ प्रतिशत रहेको छ जसले बीचैमा कक्षा छोड्नेको संख्या अत्यधिक मात्रामा देखिन्छ । यसै गरी कक्षा १ मा बीचमै कक्षा छोड्ने दर ९.५ प्रतिशत रहेको छ । यसरी हेर्दा शिक्षा सुधारको लागि राम्रो संकेत होइन यस अवस्थालाई सुधार्न शिक्षाको हरेक क्षेत्रहरु जस्तै शिक्षक व्यवस्थापन, क्षमता अभिबृद्धि, ब्यवस्थापन समिती गठन तथा परिचालन, अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले गर्न आवश्यक देखिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष



CamScanner

## ङ. शैक्षिक उपलब्धिको अवस्था

| कक्षागत रुपमा संचालित विद्यालय हरुको बिबरण (Schools Running by Grades) | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक तह : (कक्षा ९-१०) | माध्यमिक तह (कक्षा ११-१२) | स्नातक वा स्नातकोत्तर तह अध्यापन गराउने क्याम्पस संख्या |
|---|---|---|---|---|---|
| कक्षागत र तहगत जम्मा विद्यालय सङ्ख्या (सबै प्रकारका) | १३ | ४ | १३ | ३ | |
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा विद्यालय सङ्ख्या | १२ | ४ | १२ | ३ | |
| जम्मा समुदायिक विद्यालय मध्ये अनुमति प्राप्त कक्षाग र तहगत विद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | ३ | ३ | ३ | २ | |
| जम्मा सामुदयिक विद्यालय मध्ये धार्मिक विद्यालय हरुको सङ्ख्या | १ | ० | १ | ० | |
| सामुदायिक अध्ययन केन्द्र | ? | ? | ? | ? | |

### प्रारम्भिक बाल विकास तथा शिक्षा

| क्र. स | क्षेत्र | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| २.१ | कुल भर्नादर (प्रतिशत) | ७१.७ | १०० |
| २.२ | खुद भर्ना दर (प्रतिशत) | ५७.२ | १०० |
| २.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको (प्रतिशत) | ५८.९ | १०० |



जय कुमार यादव
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## आधारभुत शिक्षा

| क्र. स | क्षेत्र | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| ३.१ | कक्षा १ मा कुल प्रवेश दर (प्रतिशत) | १११.९ | १०० |
| ३.२ | कक्षा १ मा खुद प्रवेश दर (प्रतिशत) | ७८.० | १०० |
| ३.३ | कक्षा १-५ मा कुलभर्ना दर (प्रतिशत) | ११५.६ | १०० |
| ३.४ | कक्षा १-५ मा खुद भर्ना दर (प्रतिशत) | ९४.३ | १०० |
| ३.५ | कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ६६.० | १०० |
| ३.६ | कक्षा १-८ मा कुलभर्ना दर (प्रतिशत) | ९६.३ | १०० |
| ३.७ | कक्षा १-८ मा खुद भर्ना दर (प्रतिशत) | ८०.८ | १०० |
| ३.८ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक (प्रतिशत) | १.०६ | ११ |
| ३.९ | कक्षा ८ सम्म टिकाउ दर (प्रतिशत) | ५१.२ | १०० |
| ३.१० | आधारभूत तह ( कक्षा १-८ ) मा विद्यालय बाहिर रहेका बालबालिकाहरुको प्रतिशत | ७.४ | 0 |
| ३.११ | आधारभुत तह कक्षा १ देखि ८ सम्म पुनः उहि कक्षा दोहरयाउने दर (प्रतिशत) | ९.१ | 0 |
| ३.१२ | आधारभुत तह कक्षा १ देखि ८ सम्म बीचैमा कक्षा छोड्ने दर (प्रतिशत) | ८.९ | 0 |
| ३.१३ | आधारभुत तह कक्षा १ देखि ८ सम्म कक्षोउन्नति दर (प्रतिशत) | ८१.९ | १०० |

## माध्यमिक शिक्षा

| क्र. स | क्षेत्र | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| ४.१ | कुलभर्नादर कक्षा ९-१० | ७४.२ | १०० |
| ४.२ | खुद भर्ना दर कक्षा ९-१० | ४२.४ | १०० |



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४.३ | कुल भर्नादर कक्षा ११-१२ | १७.४ | १०० |
| ४.४ | खुद भर्नादर कक्षा ११-१२ | ६.४ | १०० |
| ४.५ | कुल भर्नादर कक्षा ९-१२ | ४४.३ | १०० |
| ४.६ | खुद भर्नादर कक्षा ९-१२ | २३.४ | १०० |
| ४.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १.३५ | ११ |
| ४.८ | कक्षा ९ मा पुनः उहि कक्षा दोहरयाउने दर (प्रतिशत) | १०.७ | ० |
| ४.९ | कक्षा ९ मा बीचैमा कक्षा छोड्ने दर (प्रतिशत) | १.५ | ० |
| ४.१० | कक्षा ९ मा कक्षोउन्नति दर | ८७.८ | १०० |
| ४.११ | कक्षा १० मा पुनः उहि कक्षा दोहरयाउने दर | ०.० ? | ० |
| ४.१२ | कक्षा १० मा बीचैमा कक्षा छोड्ने दर | ०.०? | ० |
| ४.१३ | कक्षा १० मा कक्षोउन्नति दर | १००.०? | १०० |
| ४.१४ | कक्षा ११ मा पुनः उहि कक्षा दोहरयाउने दर | ०.०० | १०० |
| ४.१५ | कक्षा ११ मा बीचैमा कक्षा छोड्ने दर | ०.००? | १०० |
| ४.१६ | कक्षा ११ मा कक्षोउन्नति दर | ७१.३ | १०० |
| ४.१७ | कक्षा १२ मा पुनः उहि कक्षा दोहरयाउने दर | ० | १०० |
| ४.१८ | कक्षा १२ मा बीचैमा कक्षा छोड्ने दंर | ० | १०० |
| ४.१९ | कक्षा १२ मा कक्षोउन्नति दर | ९६.२ | १०० |

शैक्षिक उपलब्धिको अवस्थालाई हेर्दा, विभिन्न तहका विद्यालय हरूको संख्या र पहुँचमा ठूलो भिन्नता देखिन्छ । प्राथमिक (१-५) तहमा विद्यालय हरूको संख्या धेरै भए पनि माध्यमिक (९-१२) तहमा



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

विद्यालय को संख्या कम छ । सामुदायिक विद्यालय हरूको संख्या १३ भए पनि तीमध्ये अनुमति प्राप्त (शून्य दरवन्दी भएका) विद्यालय हरूको संख्या ३ रहेको छ ।

यसले शिक्षा क्षेत्रमा अझै सुधार र लगानीको आवश्यकता देखाएको छ । विशेषगरी, समावेशी र प्राविधिक शिक्षा, टिकाउ दर, र लैङ्गिक समता सूचकांकलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । समग्रमा, शिक्षामा केही प्रगति भए पनि अझै सुधारका धेरै सम्भावना छन् ।

## १.२ मुखियापट्टी मुसहरनिया गाउँ पालिकाको शैक्षिक अवस्था:

**मुख्य समस्या तथा चुनौतीको विश्लेषण :**

### १.२.१ सबल पक्ष (Strengths) :

- **विद्यालयहरूको उपस्थितिः** सामुदायिक १२ वटा छ भने निजी विद्यालय १ मात्र रहेको छ, विशेष गरी प्राथमिक तहमा सबैको पहुँच रहेको ।
- **सामुदायिक विविद्यालय हरूको व्यापकताः** सामुदायिक विद्यालय हरूले ९९ % शिक्षाको भार उठाइरहेका छन् । शिक्षामा पहुँच विस्तारका लागि यो एउटा महत्त्वपूर्ण पक्ष हो ।
- **लैङ्गिक समता सूचकांक:**
- आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचांक १.०६ प्रतिशत रहेको छ ।
- कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचांक १.३५ प्रतिशत रहेको छ जसले बालबालिकाहरूको शिक्षामा असन्तुलित सहभागिता देखाउँछ ।
- कक्षोउन्नति दर माध्यमिक तहको कक्षा १० मा कक्षोउन्नति दर १००% रहेको छ । यो सुधारको एउटा उदाहरण हो, जसलाई अन्य तहमा पनि विस्तार गर्न सबैको सहभागिता चाहिन्छ ।

### १.२.२ कमजोर पक्षहरु (Weaknesses):

- **माध्यमिक तहमा न्यून भर्ना दरः** कक्षा ९-१२ मा खुद भर्ना दर २३.४ % मात्र छ । यो शिक्षाको निरन्तरतामा ठूलो अवरोधको सूचक हो ।
- **टिकाउ दरमा कमी :** कक्षा १-५ मा टिकाउ दर ६६ % र कक्षा १-८ मा ५१.२ % मात्र रहेको छ । बालबालिकाहरू विद्यालय छोड्ने समस्या अझै चुनौतीपूर्ण देखिन्छ ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- **अपाँगतामैत्री विद्यालय सुविधाहरूको अभाव:** शारीरिक र मानसिक अपाङ्गताका लागि उपयुक्त विद्यालय हरूको व्यवस्था छैन । यस गाँउपालिकामा समावेशी शिक्षाको अवधारणा अनुरूप विद्यालय आवश्यकताहरू पूरा हुन सकेका छैनन् ।
- **उच्च कक्षा दोहोर्याउने र छोड्ने दर:** आधारभूत तह (कक्षा १- ८) मा कक्षा दोहोर्याउने दर ९.१ % र छोड्ने दर ८.९ % रहेको छ, जसले शिक्षाको निरन्तरतामा चुनौती देखाएका छ ।

### १.२.३ अवसरहरू (Opportunities):

- **गुणस्तरीय शिक्षामा सुधारको सम्भावना:** नमुना विद्यालय कार्यक्रम र प्राविधिक शिक्षाको विस्तारले यस गाउँ पालिकामा गुणस्तरीय शिक्षाको सम्भावनालाई सबलीकरण गरेको छ। यसले युवाहरुलाई रोजगारमुखी बनाउन योगदान दिन सक्छ ।
- **सरकारी र अन्तर्राष्ट्रिय सहयोग:** सरकारी तथा गैरसरकारी संस्थाहरू, UNICEF लगायतका सहयोगी निकायहरूको समन्वय र सहयोगले शैक्षिक प्रणालीलाई सुदृढ गर्न सक्छ ।
- **प्रारम्भिक बालविकास कार्यक्रम:** प्रारम्भिक बालविकासमा कुल भर्ना दर ७१.७ % छ । यसलाई अझ प्रभावकारी बनाउन कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।
- **आधारभूत शिक्षा र कार्यक्रम:** आधारभूत तह शिक्षा (कक्षा १-८) मा कुलभर्ना दर ९६.३ प्रतिशत छ यसलाई अझ शत प्रतिशत बनाउन कार्यक्रमहरु संचालन गर्न सकिन्छ।
- **माध्यमिक शिक्षा र कार्यक्रम:** माध्यमिक तह शिक्षा (कक्षा ९-१२) मा कुल भर्ना दर ४४.३ प्रतिशत रहेको छ यसलाई राम्रो बनाउनको लागि बिभिन्न कार्यक्रम संचालन गर्न सकिन्छ।
- **शैक्षिक संरचना विस्तारको सम्भावना:** आवासीय सुविधा, प्राविधिक धार, र नमुना विद्यालय को स्थापना गरी शिक्षा प्रणालीलाई सुधार गर्न सकिन्छ ।

### १.२.४ चुनौतीहरु (Threats):

- **शिक्षाको अवसरबाट बन्चित बालबालिकाहरू:** आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाहरुको दर ७.४ प्रतिशत रहेको छ । यसले दीर्घकालीन रूपमा समाज र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्छ ।
- **अपर्याप्त स्रोत र संरचना:** शिक्षाका लागि आवश्यक स्रोत र भौतिक संरचनाको अभावले शिक्षामा गुणस्तर सुधारमा अवरोध पुर्याइरहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार अध्यक्ष

- आर्थिक र सामाजिक असमानता: गरीबी, जातीय विभेद, र सामाजिक असमानताका कारण केही समुदायमा शिक्षाको पहुँच अझै चुनौतीपूर्ण छ ।

- उच्च शिक्षक विद्यार्थी अनुपातः उच्च शिक्षक विद्यार्थी अनुपातले यस गाउँ पालिकामा गुणस्तरीय शिक्षा प्रदान गर्ने अभियानमा ठुलो अवरोध पुर्याएको देखिन्छ।

- न्यून अभिभावक सहभागिता : विद्यालय शिक्षामा अभिभावकहरुको न्यून सहभागिता हामी सबैको लागि चुनौतिको विषय बनेको। कमजोर आर्थिक अवस्था, न्यून साक्षरता तथा शिक्षाको महत्वबारे सिमित बुझाइले गर्दा सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश बालबालिकाहरु विद्यालयका महत्वपुर्ण गतिविधिहरुमा सहभागी हुन र योगदान पुर्याउन सक्नु भएको छैन।

- न्यून सिकाई उपलब्धि : यस गाउँ पालिकाको सबै तहको शिक्षामा सिकाई उपलब्धि न्यून देखिन्छ , यसलाई सम्बोधन गर्नु अनिवार्य र अपरिहार्य भैसकेको छ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

CamScanner

## परिच्छेद २  दुरदृष्टि ,ध्येय ,रणनीति तथा लक्ष्य

२.१  स्थानीय तहमा योजना निर्माण गर्दा लिईएका आधार आधारहरु:

२.२  मुखियापट्टी मुसहरनिया गाँउपालिकाको शैक्षिक दूरदृष्टि :

*जीवनउपयागी, सक्षम नागिरक तयार गर्ने मुखियापट्टी मुसहरनिया गाँउपालिकाको इच्छा,*
*सबैका लागि समावेशि, गुणस्तरीय, प्रविधिमैत्री तथा रोजगारमुलक शिक्षा*

२.३  लक्ष्य:

*यस गाउँपालिका अन्तर्गतका सबै बालबालिकाहरुलाई अनिवार्य, निःशुल्क, समावेशी तथा रोजगारमुलक शिक्षा पहुँचको अवसर प्रदान गरी '**सम्बृद्ध नेपाल, सुखी नेपाली** सपनालाई साकार गर्ने*

२.४  उद्देश्य:

१. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरीकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु ।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।

६. विद्यालयलाई भय, विभेद र दुर्व्यवहार मुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकाहरुलाई बालमैत्री वातावरण प्रदान गर्नु ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

७. आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरीक तयार गर्नु ।

१०. प्राविधिक सीपयुक्त दक्ष जनशक्ति तयार गर्नु ।

११. सुचना सञ्चारका पहुँचका सुनिश्चिता गर्नु ।

१२. सरोकारवालाहरूलाई विद्यालयमा स्वास्थ्य तथा सरसफाई प्रवर्धन र सुनिस्चित गर्न गरी जवाफदेही बनाउनु ।

१३. विद्यालयहरुलाई स्वच्छता र हरित विद्यालयका रूपमा स्थापित गर्नु ।

१४. पोषणयुक्त र दिवा खाजा ब्यवस्थापन गरी बालबालिकाहरूका स्वास्थ्य सुधार र सिकाइ निरन्तरता गर्नु ।

## २.५ रणनीतिहरु:

२.५.१ सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने ।

२.५.२ अनिवार्य तथा निःशुल्क आधारभु तह शिक्षामां पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने ।

२.५.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयमा सुचना तथा प्रविधिमैत्री शिक्षाको ब्यवस्थापन तथा सञ्चालन, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने ।

२.५.४ सबै बालबालिका तथा नागरीकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने ।

२.५.५ विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ शिक्षण सिकाइ वातावरण तयार गरी सक्षम जनशक्ति द्वारा शिक्षण सिकाइ क्रियाकलापहरू ब्यवस्थापन तथा सञ्चालन गर्ने ।

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने ।

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरीक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने ।

२.५.१०. प्राविधिक सीपयुक्त दक्ष जनशक्ति तयार गर्न विभिन्न निकायसँग समन्वय, सहकार्य गर्ने ।

२.५.११. सुचना सञ्चारकाका साधनहरूकोवितरणर व्यवस्थापन गरी पहुँचको सुनिश्चिता गर्ने ।

२.५.१३ विद्यालय स्वच्छता र हरित विद्यालयका सूचकहरू तयार गरी कायान्र्यवन गर्ने ।

२.५.१४. पोषणयुक्त र दिवा खाजाका ब्यवस्थापनका लागि स्थानीय उत्पादन र प्रयोगमा जोडदिइ बालबालिकाहरूको स्वास्थ्य सुधार र सिकाइ निरन्तरता गर्ने ।

२.६. अपेक्षित मुख्य उपलब्धिहरु:

शिक्षा क्षेत्रको योजनाको अन्त्य सन २०३० सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

२.७.१ सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुनेछन ।

२.७.२. अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षामा पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

२.७.३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ ।

२.७.४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएका हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

२.७.५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कायान्र्वयन भएको हुनेछ ।

२.७.६. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई वद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

२.७.७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

२.७.८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ ।

२.७.९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकांको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुनेछन ।

२.७.१०.हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

२.७.११. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुनेछ ।

२.७.१२. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन तथा सामाजिक परीक्षणको प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।

२.७.१३. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुनेछ ।

२.७.१४. बालिका, अपांगता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समन्यायिक पहूँच, तथा सहभागिताको सुनिच्श्तिता तथा सिकाइ उपलब्धिमा सुधारको लागि योजना तर्जुमा तथा कार्यान्वयनको भएको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

[illegible]कुमार यादव
अध्यक्ष

## २.७ लक्ष्य निर्धारण:

### २.७.१ प्रारम्भिक बाल वकास तथा शिक्षा

| क्र.स. | विवरण | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| २.१ | कुल भर्नादर (प्रतिशत) | ७१.७ | १०० |
| २.२ | खुद भर्ना दर (प्रतिशत) | ५७.२ | १०० |
| २.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको (प्रतिशत) | ५८.९ | १०० |

### २.७.२ आधारभुत शिक्षा

| क्र.स. | विवरण | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| ३.१ | कक्षा १ मा कुल प्रवेश दर (प्रतिशत) | १११.९ | १०० |
| ३.२ | कक्षा १ मा खुद प्रवेश दर (प्रतिशत) | ७८.० | १०० |
| ३.३ | कक्षा १-५ मा कुल भर्ना दर (प्रतिशत) | ११५.६ | १०० |
| ३.४ | कक्षा १-५ मा खुद भर्ना दर (प्रतिशत) | ९४.३ | १०० |
| ३.५ | कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ६६.० | १०० |
| ३.६ | कक्षा १-८ मा कुल भर्ना दर (प्रतिशत) | ९६.३ | १०० |
| ३.७ | कक्षा १-८ मा खुद भर्ना दर (प्रतिशत) | ८०.८ | १०० |
| ३.८ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक (प्रतिशत) | १.०६ | १.१ |
| ३.९ | कक्षा ८ सम्म टिकाउ दर (प्रतिशत) | ५१.२ | १०० |
| ३.१० | आधारभूत तह ( कक्षा १-८ ) मा विद्यालय बाहिर रहेका बालबालिकाहरुको दर | ७.४ | ० |
| ३.११ | आधारभुत तह कक्षा १ देखि ८ सम्म पुनः उहि कक्षा दोहरयाउने दर | ९.१ | ० |
| ३.१२ | आधारभुत तह कक्षा १ देखि ८ सम्म बीचैमा कक्षा छोड्ने दर | ८.९ | ० |



प्रमुख प्रशासकीय अधिकृत

कुमार ... अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३.१३ | आधारभुत तह कक्षा १ देखि ८ सम्म कक्षोउन्नति दर | ८१.९ | १०० |

२.७.३ माध्यमिक शिक्षा

| क.स. | विवरण | वर्तमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| ४.१ | कुल भर्नादर कक्षा ९-१० | ७४.२ | १०० |
| ४.२ | खुद भर्ना दर कक्षा ९-१० | ४२.४ | १०० |
| ४.३ | कुल भर्नादर कक्षा ११-१२ | १७.४ | १०० |
| ४.४ | खुद भर्नादर कक्षा ११-१२ | ६.४ | १०० |
| ४.५ | कुल भर्नादर कक्षा ९-१२ | ४४.३ | १०० |
| ४.६ | खुद भर्नादर कक्षा ९-१२ | २३.४ | १०० |
| ४.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १.३५ | १.१ |
| ४.८ | कक्षा ९ मा पुनः उहि कक्षा दोहरयाउने दर | १०.७ | ० |
| ४.९ | कक्षा ९ मा बीचैमा कक्षा छोड्ने दर | १.५ | ० |
| ४.१० | कक्षा ९ मा कक्षोउन्नति दर | ८७.८ | १०० |
| ४.११ | कक्षा १० मा पुनः उहि कक्षा दोहरयाउने दर | ०.० | ० |
| ४.१२ | कक्षा १० मा बीचैमा कक्षा छोड्ने दर | ०.० | ० |
| ४.१३ | कक्षा १० मा कक्षोउन्नति दर | १००.० | १०० |
| ४.१४ | कक्षा ११ मा पुनः उहि कक्षा दोहरयाउने दर | ०.०० | ० |
| ४.१५ | कक्षा ११ मा बीचैमा कक्षा छोड्ने दर | ०.० | ० |
| ४.१६ | कक्षा ११ मा कक्षोउन्नति दर | ७१.३ | १०० |
| ४.१७ | कक्षा १२ मा पुनः उहि कक्षा दोहरयाउने दर | ० | ० |
| ४.१८ | कक्षा १२ मा बीचैमा कक्षा छोड्ने दर | ० | - |
| ४.१९ | कक्षा १२ मा कक्षोउन्नति दर | ९६.२ | १०० |



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

यस शिक्षा क्षेत्रको योजना सन २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरी पहिलो पाँच वर्षका अर्थात् सन २०२४-२०२९ लागि लागत अनुमान सहित योजनाको खाका तयार गगरिएको छ ।

परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरीएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू पहिचान गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा ()(प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ " भनी उल्लेख गरेको, साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर मुखियापट्टी मुसहरनिया गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ बालविकास तथा शिक्षाको वर्तमान अवस्था:

यस गाँउपालिकामा जम्मा ३६ वटा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु छन् । यस पालिकामा चार वर्ष उमेर समूहका जम्मा ६९४ बालवालिकाहरु रहेका छन् । वालविकास केन्द्रमा जम्मा ३९३ भर्ना भएका छन् । प्रारम्भिक बालविकास केन्द्रमा जम्मा कुल भर्ना दर ७१.७ प्रतिशत र खुद भर्ना दर ५७.२ प्रतिशत रहेको छ।

कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ५८.९ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक १.०२ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षक मध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये, अधिकतम योग्यता भएको स्नातक तह सम्म रहेको पाइन्छ । यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन् । एकातिर शिक्षकका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकमा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

### ३.१.२ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरुः

- शत प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
- १४.५ प्रतिशत तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन नसकिएको।
- कुल भर्ना दर ७१.७ प्रतिशत र खुद भर्ना दर ५७.२ प्रतिशत )
- शिक्षकको पारिश्रमिकमा स्रोत व्यवस्थापन नभएको ।
- पोषणयुतदिवा खाजाको उचित व्यवस्थापनमा समस्या ।



प्रमुख प्रशासकीय अधिकृत

... कुमार ... अध्यक्ष

- कक्षा १ मा कुल भर्ना दर मध्ये ५८.९ प्रतिशत बालबालिकाहरु मात्र बालविकासको अनुभव प्राप्त गरेर आएका छन् ।
- शत प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा व्यवस्थापन समिति गठन नभएको ।
- ८० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा सिकाइका ६ कुना व्यवस्थापन नभएको
- प्रारम्भिक बालबिकासका बालबालिकाहरुको स्वास्थ्य परिक्षण नगरिएको ।
- अभिभावकहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्र सम्वन्धि जनचेतनाको कमी देखिएको। १० ECED केन्द्र/ कक्षाहरुमा अध्यनरत बालबालिकाहरु मध्ये सिकाई सामग्रीको सेट प्रयोग नगर्नेको प्रतिशत ६८.१ रहेको ।

## ३.१.३. उद्देश्यहरुः

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

- बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गतका सबै प्रारम्भिक बालविकास केन्द्र हरुले न्यूनतम् मापदण्ड पुरा गरेको सुनिस्चित गर्नुगर्नु
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु ।
- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण गर्नु ।
- प्रारम्भिक वालविकास केन्द्रका क शिक्षकहरुलाई आधारभूत तथा पुर्नताजगी तालिम व्यवस्थापन गर्नु ।
- प्रारम्भिक वालविकासको बालबालिकहरुको उचित स्यहारको लागी अभिभावक शिक्षा संचालन गर्नु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

## ३.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ ।

- ४८ देखि ५९ महिनाभित्र बालबालिकाहरुको संख्याको आधारमा नयाँ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुको स्थापना तथा व्यवस्थापन गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रका शिक्षकहरुलाई आधारधुत तथा पुर्नताजगी तालिम प्रदान गर्ने



प्रमुख प्रशासकीय अधिकृत

कुमार ... अध्यक्ष

- ४८ देखि ५९ महिनाभित्र सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्न विशेष विद्यालय भर्ना अभियाम संचालन गर्ने ४ सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा व्यवस्थापन समिति गठन गतथा अभिमुखीकरण गर्ने ।
- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा न्युतम् मापदण्ड सुनिस्चित गर्न अभियान तथा बजेट व्यवस्थान गर्ने ।
- अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकासका लागी सम्वन्धित निकायहरूसंग समन्वय गर्ने।
- पोषणयुक्त दिवा खाजाको उचित व्यवस्थापन गराउने ।

### ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

अपेक्षित नतिजाहरू

- ४८ देखि ५९ महिना उमेर समुहका सबै बालबालिकाहरु प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्रमा भर्ना भएका हुनेछन ।
- कक्षा १ मा भर्ना हुन शत् प्रतिशत बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको अनुभव सहित आएका हुनेछन ।
- सबै प्रारम्भिक बालविकास केन्द्रका शिक्षकले टि.पी.डी मा आधारित तालिम प्राप्त गरेका हुनेछन।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरी २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास केन्द्र विस्तार गरिएको हुनेछ ।
- शत् प्रतिशत प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु राष्ट्रिय न्युनतम मापदण्ड पुरा गरेका हुनेछन
- गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको लागि स्थानीय तह, विद्यालय, समुदाय तथा विकास साझेदार हरुबीच सुमधुर सम्बन्ध र सहकार्य भएको हुनेछ ।

| क.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना % | ७१.७ | ७६.६७ | ८२.०४ | ८७.७८ | १०० |
| २. | प्रारम्भिक बालविकासमा खुद | ५७.२ | ६१.२१ | ६५.४९ | ७०.०८ | १०० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भर्ना % | | | | | |
| २. | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको % | ० | ६३.८६ | ६८.०९ | ७२.५९ | १०० |
| ३. | प्रारम्भिक बाल विकासमा शिक्षकहरुलाई तालिम प्रदान गर्ने दर % | ० | ५० | १०० | १०० | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा राष्ट्रिय न्युनतम मापदण्ड सुनिस्चित गर्ने | सङ्ख्या | १० | ५ | ९ | १४ | २० | २० | २० |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | ० | ५ | ९ | १४ | २० | २० | २० |
| ६. | बालउद्यान निर्माण | विद्यालय | | ३ | ३ | ३ | ३ | १२ | १२ |
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | केन्द्र | | ९ | ७ | ६ | ६ | २८ | २८ |
| ८. | अभिभावक शिक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ९. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका शिक्षकहरुलाई तथा पुर्नताजगी तालिम | पटक | | १ | १ | १ | | ३ | ६ |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १०. | व्यवस्थापन समितिक गठन तथा पदाधिकारीलाई अभिमुखीकरण गर्ने | संख्या | ० | ७ | ७१ | १२१ | | २६ | २६ |
| १२. | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १३. | आमा समूह गठन तथा दिवा खाजा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४. | प्रारम्भिक वालविकास केन्द्रको शिक्षकहरु क्लष्टर बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १५. | हरेक क्लष्टरमा उत्कृष्ट बालविकास शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | नयाँ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना तथा संचालन गर्ने | संख्या | | | | | | | |

### ३.१.६. बाल विकास तथा शिक्षा कार्यक्रमको लागि बजेट बिनियोजन

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा राष्ट्रिय न्युनतम मापदण्ड सुनिस्चित | १० | | - | - | - | १० | संघ, प्रदेश , स्थानीय |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष



CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | | |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | | १२० | १२० | १२० | ८० | ४४० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | | १०० | १२० | १८० | ९० | ४९० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | बालउद्यान निर्माण | | १५० | १५० | १५० | १०० | ४५० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | | ४५० | ३५० | ३०० | ३०० | १४०० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| ८. | अभिभावक शिक्षा | | ११० | ११० | ११० | ११० | ४४० | स्थानीय , संघसंस्था |
| ९. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका शिक्षकहरुलाई आधारभूत तथा पुर्नताजगी तालिम | | २०० | | | २०० | ४०० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| १०. | व्यवस्थापन समितिकगठन तथा पदाधिकारीलाई अभिमुखीकरण गर्ने | | १०० | | १०० | | २०० | संघिय, प्रदेश, स्थानीय र संघसंस्था |
| १२. | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | ११ | ११ | ११ | ११ | ११ | ५५ | स्थानीय |
| १३. | न्यूनतम पारिश्रमिकको | | ३२ | ३२ | ३२७ | ३२ | १३१०४ | स्थानीय |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था | | ७६ | ७६ | ६ | ७६ | | |
| १४. | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | | ५० | ५० | ५० | ५० | २०० | स्थानीय, संघसंस्था |
| १५. | प्रारम्भिक वालविकास केन्द्रको शिक्षकहरु क्लष्टर बैठक | २५ | २५ | २५ | २५ | २५ | १२५ | स्थानीय , संघसंस्था |
| १६. | हरेक क्लष्टरमा उत्कृष्ट ब बाल विकास शिक्षक सम्मान कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ | स्थानीय |
| १७. | नयाँ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना तथा संचालन गर्ने | ? | ? | ? | ? | ? | ? | |

### ३.२ आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल विकास तथा शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षालाई बुझाउँछ । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुन संरचना गरेर प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१)मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरीबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरीबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि मुखियापट्टी मुसहरनिया गाँउपालिकाकोले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण गरेको छ ।



प्रशासकीय अधिकृत

...य कुमार यादव
अध्यक्ष

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

### ३.२.१.मुखियापट्टी मुसहरनिया गाँउपालिकाको वर्तमान अवस्था

यस गाउँपालिका भित्र हाल सामुदायिक विद्यालयतर्फ कक्षा १ -५ सञ्चालित विद्यालयहरूको संख्या १२ वटा, कक्षा ६-८ सञ्चालित विद्यालयहरूको संख्या ४ वटा, र आधारभूत विद्यालयहरूको संख्या १२ वटा रहेको छ । सामुदायिक विद्यालयहरूमध्ये अपांगता भएका बालबालिकाका लागि विशेष विद्यालयहरूको संख्या शुन्य रहेको छ, भनेसामुदायिक विद्यालयहरूमध्ये धार्मिक विद्यालयहरूको संख्या १ रहेको छ । साथै, अनौपचारिक शिक्षा र वैकल्पिक शिक्षा संचालन गर्ने विद्यालयहरुको संख्या पनि शुन्य रहेको छ ।

कक्षा १ मा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित भर्ना भएका बालबालिकाको दर ५८.९ प्रतिशत रहेको छ । आधारभूत शिक्षाका सूचकांकहरूले शिक्षाको पहुँच र गुणस्तर सुधारतर्फ ध्यान दिन आवश्यक रहेको देखाउँछन् । कक्षा १ मा कुल प्रवेश दर १११.९ प्रतिशत भए पनि खुद प्रवेश दर ७८.० प्रतिशत मात्र छ । कक्षा १-५ मा कुल भर्ना दर ११५.६ प्रतिशत र खुद भर्ना दर ९४.३ प्रतिशत छ । कक्षा ५ सम्म टिकाउ दर ६६ प्रतिशत रहेको छ, जबकि कक्षा १-८ सम्म कुल भर्ना दर ९६.३ प्रतिशत र खुद भर्ना दर ८०.८ प्रतिशत छ । खुद भर्ना दरमा लैङ्गिक समता सूचकांक १.०६ रहेको छ । कक्षा ८ सम्म टिकाउ दर ५१.२ प्रतिशत मात्र छ, आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाहरुको दर ७.४ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा १-८) मा कक्षा दोहोर्याउने दर ९.१ प्रतिशत, बीचैमा कक्षा छोड्ने दर ८.९ प्रतिशत, र कक्षोन्नति दर ८१.९ प्रतिशत रहेको हुदा कक्षा छोडेन दर र कक्षा दोहर्याउने दर लाई कम गर्नु पर्ने देखिन्छ ।

### ३.२.२ आधारभूत शिक्षामा देखिएका विद्यमान समस्या चुनौतिहरु

- कक्षा १ मा भर्ना हुने ३८.१९ प्रतिशत बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव बिना भर्ना हुनु। ९.१ प्रतिशत बालबालिकाहरु आधारभुत तह कक्षा १ देखि ८ सम्म पुनः उहि कक्षा दोहर्याउने गरेको ।
- ८.९ प्रतिशत बालबालिकाहरु आधारभुत तह कक्षा १ देखि ८ सम्म बीचैमा कक्षा छोड्ने गरेको ।
- आधारभूत तह (कक्षा १-८) उमेर समुहका ७.४ प्रतिशत बालबालिकाहरु विद्यालय भन्दा बाहिर हुनु ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनु ।
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई समावेशी बनाउन नसक्नु ।
- विद्यालय व्यवस्थापन तथा जनसहभागितामा, परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउन नसक्नु ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पूर्ण सदुपयोग गरि बालबालिकाहरुको सिकाई उपलब्धिमा उल्लेख्य सुधार गर्न नसक्नु
- बालिका तथा समावेशी शिक्षा सँजाल गठन, कार्यन्वयन तथा परिचालन गर्न नसक्नु ।

### ३.२.३ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ -

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको लागि समतामूलक र गुणस्तरीय अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्नु ।
- विद्यार्थीको सिकाइ उपलब्धीमा उल्लेख्य सुधार ल्याउनु ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई औपचारिक र अनौपचारिक शिक्षा मार्फत विद्यालयमा भर्ना गरी सिकाइ सुनिश्चित गर्नु ।
- विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी व्यवस्थित गर्दै शिक्षण दक्षता अभिवृद्धि गर्नु ।
- विद्यालयको प्रशासनिक, भौतिक, र शैक्षिक वातावरण सुधार गरी बालमैत्री र अपाङ्गमैत्री विद्यालय निर्माण गर्नु ।
- विद्यालयमा स्वस्थ्य दिवा खाजा ब्यवस्थापन गर्नु।
- गाउँपालिकामा रहेका सबै विद्यालयहरुलाई हरित विद्यालयको रुपमा विकास गर्नु ।

### ३.२.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

- विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
- अनौपचारिक तथा जीवनपर्यन्त सिकाई सुनिश्चित गर्न वैकल्पिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
- विद्यालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति क्षेत्र कार्यविधी सम्बन्धी अभिमुखिकरण संचालन गर्ने ।
- शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना तथा समन्वय गर्ने ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।
- स्थानीय पाठ्यक्रम मार्फत विद्यालय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन अभियान संचालन गर्ने ।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।
- टोल शिक्षा निगरानी समूह गठन तथा परिचालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम लागु गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु

क) उपलब्धिहरु

- ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा निःशुल्क गुणस्तरिय आधारभूत शिक्षा प्राप्त गरेका हुनेछन् ।
- सबै विद्यालयहरु न्यूनतम गुणस्तरिय सिकाई मापदण्ड (PMEC) पुरा गरेका हुनेछन ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू औपचारिक, अनौपचारिक तथा वैकल्पिक सिकाईको अवसर प्राप्त गरेका हुनेछन् ।

जय कुमार यादव
अध्यक्ष

- आधारभुत तहको विद्यार्थीहरुको न्यूनतम सिकाई उपलब्धि वृद्धि भएको हुनेछ ।
- गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा अभियान संचालन भई आपतकालीन अवस्थामा पनि बालबालिकाहरुको सिकाई निरन्तरता सुनिश्चित भएको हुनेछ ।

ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क.स. | सूचक | आधार वर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | ११५.६ | ११५.६ | ११४.५० | ११३.३९ | ११२.२८ | १०० |
| २. | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९४.३ | ९४.३ | ९५.२९ | ९६.२९ | ९७.२९ | १०० |
| ३. | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | ६८.० | ६८.० | ६८.२० | ६८.४५ | ६८.७१ | १०० |
| ४. | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | ६१.१ | ६१.१ | ६३.७० | ६६.४४ | ६९.३० | १०० |
| ५. | आधारभूत तह (कक्षा १-८) | ९६.३ | ९६.३ | ९५.७६ | ९५.२७ | ९४.७७ | १०० |



जय कुमार ... अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा सहजै देखिने भर्ना दर (GER) | | | | | | |
| ६. | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८०.८ | ८०.८ | ८२.५३ | ८४.२८ | ८६.०७ | १०० |
| ७. | आधारभूत तह (प्रथिमिक कक्षा १-८ ) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ७.४ | ७.४ | ७.०५ | ६.७२ | ५ | ०.५ |
| ९. | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (*Survival Rate to Grade 5)* | ६९.६ | ६९.६ | ७१.२२ | ७२.८७ | ७४.५७ | ८० |
| १०. | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने बालबालिकाको दर ( *Survival Rate to Grade ८)* | ५५.७ | ५५.७ | ५७.१० | ५८.५३ | ६०.०० | ८० |

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ८ पुरा गर्ने दर (Cycle Completion Rate at Basic Level:-G1-8)) | ४२.९ | ४२.९ | | ४५.६७ | ४७.१२ | ७५ |
| १२. | आधारभूत तह )कक्षा १ देखि ८ दलित विद्यार्थी संख्या प्रतिशत | ७.० | ७.० | ८ | ९ | १० | ११ |
| १३. | आधारभुत तहको (कक्षा १-८) न्यूनतम सिकाई उपलब्धि, नेपाली | ५६.६ | ५६.६ | ६५ | ७५ | ८४ | ९५ |
| १४. | EMIS मा Complete Data entry गर्ने विद्यालयको संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ |
| १५. | आधारभूत तहमा अध्ययनरत बिद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको | ९०.० | ९०.० | ९५ | ९६ | ९९ | १०० |



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दोस्रो हसा भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थीको प्रतिशत | | | | | | | |

### ३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पहिलो लक्ष्य ५ वर्ष ) | | | | | ५ वर्ष लक्ष्य | १० वर्ष लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| १. | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न सचेतनामूलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन गर्ने। | पटक | - | १ | १ | १ | १ | ४ | ८ | स्थानीय तह |
| २. | विद्यालय बाहिर रहेका बालबालिकाहरुको नक्शाङ्कन गर्ने र विद्यालयमा भर्ना गर्ने । | पटक | - | १ | -१ | -१ | -१ | १ | ५ | स्थानीय |
| ३. | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था र दरबन्दी मिलान गर्ने, गाउँ अनुदान शिक्षकको व्यवस्था गर्ने। | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | सघ, प्रदेशसगँ मागगर्ने |
| ४. | स्वास्थ्य शिविर मार्फत | पटक | | १ | १ | १ | १ | ४ | ८ | |

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पहिलो लक्ष्य ५ वर्ष ) | | | | | ५ वर्ष लक्ष्य | १० वर्ष लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| | अपाङ्गताको पहिचान गर्ने । | | | | | | | | | |
| ५. | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, ,प्रदेश स्थानीय |
| ६. | प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय |
| ८. | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय |
| ९. | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने । | विद्यालय | ३ | २ | १ | २ | २ | १० | | स्थानीय, प्रदेश, संघ |
| १०. | प्रारम्भिक कक्षाहरूकक्षा शिक्षणसञ्चालन गर्ने । | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | संघ, प्रदेश र स्थानीय |
| ११. | बालबालिकाको सिकाई उपलब्धी वृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र |



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार खड्का
अध्यक्ष

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पहिलो लक्ष्य ५ वर्ष ) | | | | | ५ वर्ष लक्ष्य | १० वर्षे लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| | गर्न प्र.अ.हरु तथा शिक्षकहरुसँग करार सम्झौता गर्ने । । | | | | | | | | | स्थानीय |
| १४. | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान र पुरस्कार वितरण कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय |
| १५. | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्षमता विकास गर्ने । | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | २४ | संघ, प्रदेश र स्थानीय |
| १६ | शैक्षिक प्रदर्शनी सञ्चालन गर्ने । | पटक | ० | १ | १ | १ | १ | ४ | ८ | स्थानीय |
| १७ | विभिन्न सङ्घसंस्थाहरूसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने समन्वय बैठक । | पटक | १ | १ | १ | १ | १ | १० | २० | स्थानीय र संघसंस्था |
| | सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा अभियान संचालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | १० | २० | स्थानीय र संघसंस्था |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष



CamScanner

३.२.६. आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट()रु .हजारमा)

| क्र.स. | प्रमुख क्रियाकलाप | बजेट ( पहिलो लक्ष्य ५ वर्ष ) | | | | | भौतिक लक्ष्य (५) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न सचेतनामूलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन गर्ने । | | २५ | २५ | २५ | २५ | १०० | |
| २. | विद्यालय बाहिर रहेका बालबालिकाहरुको नक्शाङ्कन गर्ने र विद्यालयमा भर्ना गर्ने | | १५ | १५ | | | १५ २०० | संघिय ,प्रदेश र स्थानीय |
| ३. | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था र दरबन्दी मिलान गर्ने, गाउँ अनुदान शिक्षकको व्यवस्था गर्ने । | २५० ० | २५० ० | २५०० | २५० ० | २५० ० | १२५०० | सङ्घीय, प्रदेश र स्थानीय |
| ४. | स्वास्थ्य शिविर मार्फत अपाङ्गताको पहिचान गर्ने । | - | ५० | ५० | ५० | ५० | २०० | स्थानीय |
| ६. | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरतासम्बन्धी छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने । | १२० | १२० | १२० | १२० | १२० | ६०० | संघिय , प्रदेश ,स्थानीय र संघ संस्था |

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

| क.स. | प्रमुख क्रियाकलाप | बजेट ( पहिलो लक्ष्य ५ वर्ष ) | | | | | भौतिक लक्ष्य (५) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| ७. | सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा अभिया सञ्चालन गर्ने । | | १२० | १२० | १२० | १२० | ४८० | संघिय,प्रदेश, स्थानीय र संघसन्स्था |
| ८. | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन गर्ने । | | ११०० | ५५०० | ११०० | ११०० | ८८०० | संघिय,प्रदेश, स्थानीय र संस्था |
| ९. | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने । | | ११०० | ५५०० | ११०० | ११०० | ८८०० | संघिय,प्रदेश ,स्थानीय र संघसंस्था |
| १०. | प्रारम्भिक कक्षाहरूमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | | १६० | १६० | १६० | १६० | ६४० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १४. | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान र पुरस्कार वितरण कार्यक्रम सञ्चालन गर्ने । | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय र संघसंस्था |
| १५. | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्षमता विकास गर्ने । | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघिय ,प्रदेश र स्थानीय |
| १६. | शैक्षिक प्रदर्शनी सञ्चालन गर्ने । | | ३०० | ३०० | ३०० | ३०० | १२०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १७. | विभिन्न सङ्घसंस्थाहरूसँगको लागत | | १०० | १०० | १०० | १०० | ४०० | स्थानीय र संघसंस्था |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| क.स. | प्रमुख क्रियाकलाप | बजेट (पहिलो लक्ष्य ५ वर्ष) | | | | | भौतिक लक्ष्य (५) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| | साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने व्यवस्था गरेंको छ भनें अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशानिर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक धार र साधारण शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । मुखियापट्टी मुसहरनिया गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्म कक्षा १ देखि १२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयह १ ओटा रहेको छ, भने कक्षा १ देखि १० सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरू ३ वटा रहेका छन्। सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा जम्मा २६ जना शिक्षकहरु (दरबन्दी, अनुदान, तथा राहतसहित) कार्यरत छन् ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी, र सुरक्षित बनाउन आवश्यक प्रयासहरू गरिएका छन्। साथै, शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न प्रशिक्षण तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका छन् ।

### माध्यमिक शिक्षाको शैक्षिक अवस्था

### ३.३.२ माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरु

- माध्यमिक तह सम्मको शिक्षा निःशुल्क भए पनि (कक्षा ९-१०) का ३१.८ प्रतिशत बालबालिकाहरु विद्यालय को पहुँच भन्दा बाहिर हुनु ।
- माध्यमिकतह (कक्षा १–१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) ५२.१ % हुनु।
- सामुदायिक माध्यमिकतहमा कक्षा ९ देखि १० सम्म कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा नगर्ने शिक्षकरु ५७.१ प्रतिशत् हुनु ।
- माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाई अभिवृद्धिका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या शुन्य हुनु ।
- माध्यमिक तहमा न्युनतम सिकाई सक्षमतामा बिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम हुनु।
- बिषयगत (अंग्रेजी, गणित , बिज्ञान) शिक्षकको कमी हुनु ।

### ३.३.३. उद्देश्यहरु

- बालबालिकाहरुको नक्शाङ्कन गर्ने र माध्यमिक शिक्षाको अवसर सुनिस्चित गर्नु
- माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण-बालमैत्री ,सिकाइमैत्री ,समावेशी र सुरक्षित बनाउनु,
- माध्यमिक तहको खुद भर्नादर बढाई सिकाई उपलब्धी वृद्धि गर्नुविषयगत शिक्षक दरवन्दी व्यवस्था र वृति विकास सुनिश्चित गर्नु ।
- बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नु ।

### ३.३.४ रणनितिहरु

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालबाहिर रहेका बालबालिकाहरुको नक्शाङ्कन गर्ने र विद्यालयमा भर्ना सुनिस्चित गर्ने



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

- विद्यालय मा सहज भर्ना, सिकाउने टिकाउने र सिकाउने वातावरण तयार गर्न बालमैत्री विद्यालय प्रारुपबारे अभिमुखीकरण र सो को कार्यान्वयन र अनुगमन गर्ने ।
- अभिभावक भेला, बि.व्य.स., सी.अ.स. को बैठक बिद्यार्थी शिक्षक बिच छलफल तथा घरदैलो कार्यमा बढी जोड दिने ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास अभियान संचालन गर्ने ।
- हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयेग सुनिस्चितता गर्ने ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, समाबेशी बनाउने ।
- आवश्यकता अनुसार बिषयगत शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने ।
- अपांगता भएका बालबालिकाहरुको पहिचान गरी समावेशी शिक्षण सिकाइको व्यवस्थापन गर्ने।
- सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरी Remedial कक्षाको व्यवस्थापन गर्ने।
- गुनासो सुनवाई संयन्त्रको विकास र व्यवस्थापन गर्ने ।
- पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा परिचालन गर्ने ।
- बिषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने ।
- विद्यालय हरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित स गरीं नमुना विद्यालय को संख्या अभिवृद्धि गर्ने ।
- विद्यालय स्वास्थ नर्सको व्यवस्था गर्ने ।
- प्र.अ. को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्था गर्ने ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) अपेक्षित उपलब्धिहरु

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै विद्यालय हरुले न्युनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।
- कम्तिमा ९५ प्रतिशत बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच सुनिस्चित भएको हुनेछ ।
- माध्यमिक तहमा विज्ञान र अंग्रेजी बिषयको न्युनतम सिकाई उपलब्धि ९५ प्रतिशत पुगेको हुनेछ ।
- सबै माध्यमिक विद्यालयहरुमा बिषयगत शिक्षकको सुनिस्चितता भएको हुनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

छ) अपेक्षित नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्ष लक्ष्य | १० वर्ष लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | अति सीमान्तकृत, सिमान्तकृत, दलित र विपन्न बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था | संख्या | ० | १० | १० | १० | १० | ४० | ८० |
| २. | सिकाइ क्षति पूरकको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ४. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | ० | २ | ० | ० | ० | २ | ४ |
| ५. | बाल क्लब, जु.रे.स., स्काउटको ट्रुप, बाल संचालन गठन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ६. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ७. | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला आदिको व्यवस्थापन | संख्या | ० | १ | १ | १ | १ | ४ | ८ |
| ८. | तहगत इन्चार्जको क्लष्टर | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

छ) अपेक्षित नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्ष लक्ष्य | १० वर्ष लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | अति सीमान्तकृत, सिमान्तकृत, दलित र विपन्न बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था | संख्या | ० | १० | १० | १० | १० | ४० | ८० |
| २. | सिकाइ क्षति पूरकको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ४. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | ० | २ | ० | ० | ० | २ | ४ |
| ५. | बाल क्लब, जु.रे.स., स्काउटको ट्रुप, बाल संचालन गठन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ६. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ७. | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला आदिको व्यवस्थापन | संख्या | ० | १ | १ | १ | १ | ४ | ८ |
| ८. | तहगत इन्चार्जको क्लष्टर | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्ष लक्ष्य | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| | बैठक | | | | | | | | |
| ९. | प्र.अ .शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १०. | प्र.अ. र शिक्षकको लागि नेतृत्व तथा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११. | सहभागीतामूलक परिणाममूलक अनुगमन र मूल्याङ्कन | पटक | | २ | २ | २ | २ | ८ | १६ |
| १२. | गुनासो सुनवाई सयन्त्र गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३. | उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय पहिचान तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४. | बालमैत्री विद्यालय प्रारुपबारे अभिमुखीकरण, कार्यान्वयन र अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५. | सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा अभियान संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार चालिसे
अध्यक्ष

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य संचालन गर्न बजेट (रु. हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | अति सीमान्तकृत, सिमान्तकृत, दलित र विपन्न बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था | ० | १०० | १०० | १०० | १०० | ४०० | संघ |
| २. | सिकाइ क्षति पूरकको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ० | १०० | १०० | १०० | १०० | ४०० | संघ, प्रदेश |
| ३. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य शिसविरको व्यवस्था | ० | ६०० | | | | ६०० | संघ, प्रदेश र स्थानीय |
| ४. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | ० | ९२२ | ९२२ | ९२२ | ९२२ | | लागतसाझेदारीमा |
| ५. | बाल क्लब, जु.रे.स., स्काउटको ट्रुप, बाल संचालन गठन | ० | १५० | १५० | १५० | १५० | | प्रदेश सरकारसँग समन्वय |
| ६. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय |
| ७. | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला | | १५००० | १५००० | १५००० | १५००० | ६००० | संघ, प्रदेश, स्थानीय |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| | आदिको व्यवस्थापन | | | | | | | |
| ८. | तहगत इन्चार्जको क्लष्टर बैठक | २५ | २५ | २५ | २५ | २५ | १२५ | संघ, प्रदेश र स्थानीय |
| ९. | प्र.अ .शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | संघ, प्रदेश र स्थानीय |
| १०. | नेतृत्व तथा क्षमताविकास कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | संघ, प्रदेश र स्थानीय |
| ११. | सहभागीतामूलक परिणाममूलक अनुगमन र मूल्याङ्कन | ५० | ५० | ५० | ५० | ५० | १२५ | विद्यालयसँग समन्वय |
| १२. | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजन | | | ५००० | ५००० | ५००० | १५०० | संघ, प्रदेश र स्थानीय |
| १३. | प्राविधिक धारा को विद्यालयको लागि अनुदान | | १५०० | १५०० | १५०० | १५०० | ६००० | संघ, प्रदेश र स्थानीय |
| १४. | उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय पहिचान तथा सम्मान कार्यक्रम | | | | | | | |
| १५. | बालमैत्री विद्यालय प्रारुपबारे अभिमुखीकरण, कार्यान्वयन र अनुगमन | | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १६ | सबै विद्यालयहरुमा बृहत विद्यालय सुरक्षा अभियान संचालन | | | | | | | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम:

...आफ्नो गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो ...हिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा ...विधिक धारको व्यवस्था गरीनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले ...ार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक तथा व्यावसायिक शिक्षा ...ार्यक्रमहरु संचालन गरीरहेको छ र अहिले यस गाउँपालिकामा कुनै किसिमको प्राविधिक धारका ...द्यालय हरु नभएका कारण यहाँका बालबालिकाहरु प्राविधिक शिक्षाबाट वन्चित भएका छन् र ...तिले महँगो रकम तिरी अन्य ठाउँमा गएका पनि छन् । यसका लागि यस गाउँपालिकाबाट पहल ...री आउने शैक्षिक सत्र देखि प्राविधिक तथा व्यावसायिक तालिम शुरु हुने गरी पहल गर्नु पर्ने ...खिन्छ ।

#### ३.४.१ वर्तमान अवस्था:

...स मुखियापट्टी मुसहरनिया गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद अन्तर्गत ...ंचालित कुनै किसिमको विद्यालय नरहेको तथा आउने दिनहरुमां संचालन गरिने यहाँका निर्वाचित ...न प्रतिनिधिहरुले प्रतिबद्धता गरेका छन् र सो का लागि आवश्यक पूर्वाधार तथा श्रोत ...व्यवस्थापनमा लागी पर्नुभएको देखिन्छ।

#### ३.४.२ उद्देश्य:

- प्राविधिक धारको विद्यालयहरु को स्थापना गरी स्थानीय तहका इच्छुक नागरिकका लागि
  प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अवसर सुनिस्चित गर्नु ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्ति लागि
  स्थानीय स्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसरहरु उपलब्ध गर्नु ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

### ३.४.३ रणनीतिः

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर गाउँपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- थप विद्यालयमा समेत प्राविधिक धार संचालन गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा श्रोत परिचालन गरी सक्षम जनशक्ति तयार गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारबालहरुसंग समन्वय तथा सहकार्य गर्ने ।
- आयआर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, गाँउपालिका निजि क्षेत्रसंग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

प्रमुख अपेक्षित उपलब्धिहरुः

- आगामी शैक्षिक सत्र २०८२ मा कम्तिमा पनि एउटा वहुप्राविधिक शिक्षालयको स्थापना र संचालन गर्ने ।
- प्रत्येक आर्थिक वर्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका कम्तिमा ५० जना जनशक्ति उत्पादन गर्ने र ती मध्ये कम्तिमा पनि ५० प्रतिशतलाई रोजगारी वा स्वरोजगरिको अवसर सुनिस्चित गर्ने ।

नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | १ | ० | ० | ० | ० |
| २ | प्रत्येक आर्थिक वर्ष प्राविधिक | | ० | २५ | ५० | ५० | ५० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार थापा
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्ति संख्या | | | | | | |
| २ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्तिमध्ये रोजगारी वा स्वरोजगरिको अवसर अवसर प्राप्त गरेका युवाहरुको प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य वर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १. | प्राविधिक शिक्षा तथा व्यवसायिक | पटक | १ | १ | १ | १ | १ | १ | गाउँ पालिक |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटाबेस तयार | | | | | | | | |
| २. | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन अनुदान | विद्यालय | ० | २५०,००० | २५०,००० | २५०,००० | ३५०००० | ६००००० | प्रदेश र स्थानीय |
| ३. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० | तिनै तह |
| ४. | आय आर्जन खालका क्रियाकलाप को लागि संघ, प्रदेश, गाँउपालिका निजि क्षेत्र संग समन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | १० | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... 
अध्यक्ष

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

सिकाइलाई जीवन भर चलिरहने प्रकृयाका रूपमा बुझिन्छ । मानिसहरूले औपचारिक, अनौपचारिक र अरितिक्त माध्यमद्वारा आफ्नो जीवन, वातावरण र समाजसँग अन्तरक्रिया गर्दै नयाँ अनुभव र ज्ञान हासिल गर्दछन् । हरेक दिन केहि न केही नयाँ कुराको सिकाइ भइरहेको हुन्छ । तर हाम्रो समाजमा, विशेषगरी निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरीने औपचारिक शिक्षालाई मात्र सिकाइ मान्ने प्रवृत्ति देखिन्छ। यस प्रवृत्तिका कारण, विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका मानिसहरूले 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गर्ने गरेको पाइन्छ ।

यद्यपि, ती मानिसहरूमा यदि इच्छाशक्ति र जाँगर छ भने जीवनभर सिकाइमा सक्रियताका साथ सहभागी हुन सकिन्छ भन्ने भावनाको विकास गराउन सके समृद्ध र सभ्य समाज निर्माण गर्न सहयोग पुग्नेछ । यसै परिप्रेक्ष्यमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनभर शिक्षाको अवधारणालाई प्राथमिकता दिइएको छ ।

जीवनपर्यन्त शिक्षाको महत्वलाई मानिसहरूसमक्ष प्रभावकारी रूपमा पुऱ्याउनका लागि, साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग जोड्न आवश्यक छ । उदाहरणका लागि, पढाइ, लेखाइ र सामान्य गणितीय सीपहरूले कृषि, घरेलु उद्यम, व्यापार, र पशुपालनजस्ता व्यवसायलाई सफलतापूर्वक सञ्चालन गर्न ठुलो सहयोग पुऱ्याउन सक्छ। यसबाट आय आर्जनमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउन सकिन्छ ।

यस विषयमा स्थानीय स्तरमा आधारित उदाहरणहरू सहितका सामग्रीहरू तयार गर्नु र सिकाइ अनुभवहरूलाई प्रभावकारी रूपमा उपयोग गर्ने रणनीति अपनाउनु पर्ने हुन्छ । यसरी व्यक्तिहरूलाई जीवनपर्यन्त सिकाइको महत्त्व र त्यसले जीवनमा ल्याउने परिवर्तनको बोध गराउँदै सकारात्मक सोचको विकास गर्न सकिन्छ ।

सिकाइलाई केवल औपचारिक शिक्षासँग सीमित नराखी, दैनिक जीवनका क्रियाकलापमा उपयोग गर्न सकिने व्यवहारिक सीप र ज्ञानको महत्त्व बुझाउन सकियो भने समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा जीवनपर्यन्त शिक्षाले ठूलो योगदान पुऱ्याउन सक्छ ।

### ३.६.१ वर्तमान अवस्था

शिक्षा प्रणालीलाई मुख्यतः औपचारिक र अनौपचारिक सिकाइमा वर्गीकरण गरिन्छ । औपचारिक शिक्षा विद्यालय वा विश्वविद्यालय मार्फत हुने प्रक्रिया हो भने, विद्यालय वा विश्वविद्यालय बाहिरका विभिन्न माध्यमबाट व्यक्तिले सिक्ने प्रक्रिया अनौपचारिक शिक्षा हो, जुन निरन्तर चलिरहन्छ । व्यक्ति जीवनको हरेक चरणमा केही न केही सिकिरहेको हुन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

मुखियापट्टी मुसहरनिया गाउँपालिकाको साक्षरता दर हाल ५४.६ प्रतिशत रहेको छ । यसमा पुरुष साक्षरता दर ६२.६ प्रतिशत र महिला साक्षरता दर ४६.७ प्रतिशत रहेको देखिन्छ, जसले पुरुष र महिलाबीच साक्षरतामा १५.९ प्रतिशतको अन्तर देखाएको छ । यो तथ्यले स्पष्ट रुपमा महिलाहरूको शिक्षामा पहुँच सीमित रहेको र लैंगिक असमानता विद्यमान रहेको संकेत गर्दछ । गाउँ पालिकाको कुल जनसंख्याको ४५.४ प्रतिशत निरक्षर रहेका छन् । निरक्षर रहेको तथ्यले साक्षरता वृद्धिका लागि थप प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता औंल्याउँदछ । यस तथ्यांकले युवा पुस्तामा साक्षरताको पहुँच सुधारिएको भए पनि अन्य उमेर समूहमा शिक्षा क्षेत्रको चुनौती अझै गहिरो रहेको देखाउँछ ।

अर्थात, यी आँकडाहरूले मुखियापट्टी गाउँपालिकामा साक्षरता र जीवन पर्यन्त सिकाईका कार्यक्रमहरूलाई थप प्रभावकारी र लक्षित रूपमा सञ्चालन गर्न आवश्यक रहेको र शिक्षाको पहुँच सुनिश्चित गर्न अझ वढी प्रयास गर्नुपर्ने स्पष्ट सन्देश दिन्छ । उक्त ३६.२५ % निरक्षरलाई साक्षर वनाउने र सवै नागरिकहरुको लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिस्चित गर्ने सशक्त माध्यम नै औपचारिक तथा अनौपचारिक शिक्षा अन्तर्गतको साक्षरता, सिपमुलक र आजीवन सिकाइ कार्यक्रम हो ।

यस गाउँपालिकाले विगतमा प्रौढ शिक्षा, किशोरी शिक्षा, तथा अन्य अनौपचारिक कार्यक्रम सञ्चालन गरेको भए तापनि हालको तथ्याङ्कले ती कार्यक्रमहरूले पर्याप्त सुधार गर्न नसकेको देखाउँछ। सरकारले अनौपचारिक शिक्षा मार्फत मुखियापट्टी मुसहरनिया गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्ने लक्ष्य राखेको भए पनि हालसम्म यस क्षेत्रका कार्यक्रम प्रभावकारी बन्न सकेका छैन् । अनौपचारिक शिक्षा मार्फत व्यक्तिको पढ्न, लेख्न तथा सामान्य गणितीय सीपलाई विकास गर्दै व्यवहारिक ज्ञान र व्यवसायिक सीपमा वृद्धि गर्न सकिन्छ, जसले जीवनस्तरमा सुधार ल्याउँछ। यसलाई थप व्यवस्थित बनाउन र प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ र अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५बमोजिम कार्यान्वयन गर्ने यो शिक्षा योजनाको लक्ष्य रहेको छ ।

यस पालिकामा विद्यालय बाहिर रहेका बालबालिका, किशोरकिशोरी तथा युवांहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न विगतका वर्षदेखि अनौपचारिक प्रौढ शिक्षा र बालशिक्षा कार्यक्रम सञ्चालन हुँदै आए तापनि, विद्यालय बाहिर रहेका बालबालिकाहरूको समस्या अझै पूर्ण रूपमा समाधान भएको छैन। जसलाई सुधार गर्न आवश्यक छ। विद्यालय बाहिर रहेका बालबालिकाहरू र व्यक्तिहरूलाई रोजगारीमुखी तथा सीपमुखी शिक्षामा सहभागी गराउन पालिकाले प्रयास गरे तापनि ती प्रयासहरू पर्याप्त देखिएका छैनन्।

### ३.६.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः

- सामुदायिक सिकाई केन्द्र र सामुदायिक पुस्तकालय नहुनु ।
- भएका सामुदायिक सिकाई केन्द्रहरु पनि प्रभावकारी रुपमा कार्य गर्न नसक्नु।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास र कार्यान्वयन स्थानीय तह स्तरमा हुन नसक्नु ।
- औपचारिक शिक्षाको अवसर प्राप्त गर्न नसकेका बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि अनौपचारिक तथा जीवन पर्यन्त सिकाइको अवसर नहुनु ।

३.६.३ उद्देश्य:

- विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्नु ।
- औपचारिक शिक्षाको अवसर प्राप्त गर्न नसकेका बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि अनौपचारिक तथा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गर्नु ।
- गाउँपालिकाभित्रका सबै प्रौढहरुलाई (१५-६० उमेर समुह) साक्षर बनाउनु ।
- पालिकास्तरमा समकक्षता प्रणालीको स्थापना र कार्यान्वयन गर्नु ।
- गाँउपालिकालाई साक्षर पालिकाको रूपमा घोषणा गर्नु ।

३.६.४ रणनितिहरुः

- विद्यालय भर्ना अभियान संचालन गर्ने ।
- विद्यालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरु एवम् निरक्षरहरुको विवरण संकलन गर्ने ।
- विद्यालयभन्दा बाहिर रहेका बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि अनौपचारिक तथा जीवन पर्यन्त सिकाइको अवसर सुनिस्चित गर्न बैकल्पिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
- वडा अन्तर्गत आवश्यक स्थानमा सामुदायिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरता, विभिन्न सीप विकास् र आयअर्जन तथा सीपमुलक कार्यक्रम संचालन गर्ने ।
- अनौपचारिक माध्यमबाट प्राप्त गरेका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणिकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रमाण पत्रको ब्यवस्था सुनिस्चितता गर्ने ।
- समुदाय परिचालनको लागि टोल शिक्षा निगरानी समुह गठन तथा परिचालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम गर्ने ।

३.६.५ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य

(क) अपेक्षित उपलब्धिहरुः

- उमेर पुगेका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई शिक्षाको अधिकार सुनिश्चित भएको हुनेछ ।
- १५-६० उमेर समुहका सबै नागरिकहरु साक्षर भएका हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

- थप सामुदायिक सिकाइ केन्द्रहरू स्थापना र संचालनमा आएका हुनेछन ।
- गाउँपालिका भित्रका सबै नागरिकहरुले औपचारिक, अनौपचारिक वा जीवन पर्यन्त सिकाई मार्फत अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा प्राप्त गरेका हुनेछन् ।
- अनौपचारिक शिक्षा राष्ट्रिय पाठ्यक्रम प्रारुपको सफल कार्यान्वयन भइ अनौपचारिक वा जीवन पर्यन्त सिकाई मार्फत सिकेका ज्ञान, सिप तथा दक्षताहरुको व्यवस्थित प्रमाणीकरण भएको हुनेछ।

(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ५२.६ | ५२.६ | ७२.० | ८०.५ | ९०.० | १०० |
| २. | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ३७.८ | ३७.८ | ४५.५ | ६५.५ | ७०.० | ७५.० |
| ३. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ० | २ | ३ | २ | १ | १ |
| ४. | सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ५. | अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुबाट लभान्वित | ० | १२० | १५० | १०० | १२५ | १५० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार ... अध्यक्ष

CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षर बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | | | | | | | | |
| ४. | स्थानीय तहको प्रत्येक वडा मा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरूसँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | संख्या (वडागत) | ० | १ | १ | १ | १ | ४ | ६ |
| ५. | समुदायिक केन्द्र सबलीकरण तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६. | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद तिनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू :प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा तथा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायतसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तर सम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यो परिच्छेद प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरीने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.१ पाठयक्रम तथा मुल्यांकन

### ४.१.१ वर्तमान अवस्था

मुखियापट्टी मुसहरनिया गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम लागु गरिएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ र २०७८ देखि कक्षा २ र ३ मा एकीकृत पाठ्यक्रम लागु भएको छ । तथापि, स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरांउनु प्रमुख चुनौती रहेको छ ।

स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित गराउन सहयोग पुऱ्याउँछ । स्थानीय

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरिनुपर्छ ।

त्यसैगरी, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्नु आवश्यक छ । सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ ।

यसले सिकाइको माध्यम भाषाले अवरोध नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्ने तथा शिक्षण प्रक्रियामा प्रयोगलाई विस्तार गर्ने नीति आवश्यक छ । साथै, विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा उपयोग गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुपर्छ ।

**मूल्याङ्कन प्रणाली**

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति भए पनि कार्यान्वयनमा आउन सकेको छैन । आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन नीति रहेको छ । आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन नीति रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देश गरेको मूल्याङ्कन प्रणाली कार्यान्वयन गराउनु प्रमुख चुनौती रहेको छ । कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुसार सञ्चालन हुने गर्दछ ।

**४.१.२ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरू:**

- आधारभूत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देश गरेको मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण, पाठ्य सामग्रीको विकास तथा क्षमता अभिवृद्धि नहुनु ।
- अंग्रेजी भाषाप्रति अभिभावक हरुको उच्च मागका कारण प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषाको माध्यमबाट शिक्षण-सिकाइको अभाव ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- एकिकृत पाठ्यक्रमको आधारमा कक्षा शिक्षण र मुल्यांकन प्रणली प्रभावकारी नहुनु ।
- स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन तथा अद्यावधिक प्रक्रियालाई अनुसन्धानमा आधारित नबनाउनु ।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको अपर्याप्त प्रयोग ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको पर्याप्त सहभागिता नहुनु ।
- वर्तमान पाठ्यक्रममा विद्यालय सुरक्षा र हरित विद्यालयसंग सम्बन्धित कुराहरु सिमित मात्रै हुनु

### ४.१.३ उद्देश्य:

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ:

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने गरी पाठ्यक्रम निर्माण, पाठ्य सामग्रीको विकास तथा क्षमता अभिवृद्धि गर्नु ।
- स्थानीय पाठ्यक्रम मार्फत गाउँपालिकाको समग्र विकासका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु ।
- सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने ।
- एकीकृत पाठयक्रमको आधारमा कक्षा शिक्षण र मुल्यांकन प्रणली प्रभावकारी गर्नु ।
- संविधानले गरेको व्यवस्था अनुरुप प्रारम्भिक कक्षाहरुमा मातृभाषामा शिक्षण सिकाई सुनिस्चित गर्नु
- स्थानीय पाठ्यक्रममा विद्यालय सुरक्षा र हरित विद्यालयसंग सम्बन्धित कुराहरु समावेश गरि शिक्षण सिकाई सुनिस्चित गर्नु

### ४.१.४ रणनीतिहरू:

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अपनाइनेछ:

- समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी स्थानीय पाठ्यक्रम बनाई समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्यांङ्कनमा आधारित बनाइनेछ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालाहरूमा अपनत्व विकास गरी जिम्मेवारी बढाउने ।
- स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रिया अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याउने र प्रभावकारिताका आधारमा निरन्तरता दिने ।
- स्थानीय पाठ्यक्रममार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपद्, महामारी तथा संकट व्यवस्थापन र न्यूनीकरणमा बालबालिकालाई प्रारम्भिक कक्षादेखि नै सक्षम बनाउने ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार याद
अध्यक्ष

- विपद्, महामारी तथा संकटका समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिने ।
- प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिने ।
- बालिका, अपाङ्गता भएका तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाका लागि सिकाइ अवसर वृद्धि गर्न ब्रेल लिपिमा आधारित सामग्री, श्रव्यदृश्य सामग्री तथा सङ्केत भाषाका शैक्षिक सामग्री विकास गरी प्रयोगमा ल्याउने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरमा थप प्रभावकारी बनाउने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

क. उपलब्धिहरु:

- आधारभूत तहमा स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा प्रभावकारी मूल्याङ्कन प्रणालीसँग समायोजन भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल र जीवनोपयोगी सीपहरू समावेश गर्न सहयोग पुगेको हुनेछ ।
- स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानको प्रवर्द्धन हुनेछ ।
- सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्धता, र रोजगार उन्मुख नागरिक निर्माणमा सहयोग पुगेको हुनेछ ।
- कक्षा १-३ मा एकीकृत पाठ्यक्रम र स्थानीय पाठ्यक्रम तयार भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।

ख. नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत पाठ्यक्रम लागु गरेको विद्यालय सङ्ख्या | सबै सामुदायिक विद्यालय | १२ | १२ | १२ | १२ | १२ |
| २ | परीक्षामा स्तरिकृत | सबै सामुदायिक | १२ | १२ | १२ | १२ | १२ |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | | | | | |
| ३ | बहुभाषिक शिक्षण प्रणाली कार्यान्वयन गर्ने विद्यालय संख्या | सबै सामुदायिक विद्यालय | १२ | १२ | १२ | १२ | १२ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय सङ्ख्या | सबै सामुदायिक विद्यालयहरु | १२ | १२ | १२ | १२ | १२ |
| ५ | स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विद्यालय संख्या | ० | १२ | १२ | १२ | १२ | १२ |

४.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:

| क.स | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम निर्माण कार्यशाला | पटक | १ | १ | | | १ | ६ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक निर्माण कार्यशाला | कक्षा | | १-३ | | ४-५ | | ६-८ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यन्वयनको लागि शिक्षकहरुको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा | | | १-३ | | ४-५ | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा | | | | १-३ | ४-५ | ६-८ | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा | | | १-३ | | ४-५ | ६-८ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा | १-५ | | | १-५ | | ६-८ | गाउँपालिका |
| | बहुभाषिक शिक्षण प्रणाली शिक्षकहरुको क्षमता विकास तालिम | पटक | १ | १ | ० | ० | ० | | गाउँपालिका |
| २. | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन छपाई र वितरण | कक्षा | | १-८ | | | | | गाउँपालिका |
| | कार्य सञ्चयिका फाइलको प्रयोग | कक्षा | १-३ | १-७ | १-७ | १-७ | १-७ | १-७ | विद्यालय |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रमा रहेका मुख्य पात्र हुन् । उनीहरूको ज्ञान, दक्षता, समर्पण, र विद्यार्थीप्रति जवाफदेहीताले सिकाइको गुणस्तर निर्धारण गर्छ । शिक्षकले विषयवस्तुमा गहिरो ज्ञान राख्दै समावेशी कक्षा व्यवस्थापन, अभिभावक र विद्यार्थीसँग प्रभावकारी सञ्चार, र शिक्षण सामग्रीको सिर्जना तथा प्रयोग गर्न सक्नुपर्छ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, र पेशाप्रति उत्प्रेरित हुनु आवश्यक छ । नेपालमा शिक्षामा समता, सान्दर्भिकता, र सुशासन प्रवर्द्धनका लागि शिक्षक व्यवस्थापन र विकासलाई प्राथमिकता दिँदै विभिन्न योजना र कार्यक्रमहरू सञ्चालन भएका छन् ।

यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षकको पेशागत विकासलाई सुदृढ बनाउने, र औचित्यपूर्ण आपूर्ति तथा वितरण सुनिश्चित गर्ने कार्यमा जोड दिइनेछ । मुखियापट्टी मुसहरनिया गाउँपालिकाले शिक्षक व्यवस्थापन र विकासमा वर्तमान अवस्था र चुनौतीहरूको समीक्षा गर्दै कार्यक्रमको उद्देश्य, रणनीति, र अपेक्षित नतिजाहरू निर्धारण गरी प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

### ४.२.२ बर्तमान अवस्था

यस गाउँपालिकामा रहेका विद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types) यस प्रकार छ।

| विद्यालय तह | ECED | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११ -१२ |
|---|---|---|---|---|---|
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३७ | ६१ | १३ | १२ | ४ |
| सबै प्रकारका सामुदायिक विद्यालय मा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ३७ | ४३ | ४ | ४ | ३ |
| पालिकाद्वारा सामुदायिक विद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक | | | ० | ५ | ३ |

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| सङ्ख्या | | | | | |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा विषय र TPD सहितका शिक्षक) सङ्ख्या | ० | १७ | ९ | ८ | १ |

४.२.३ . शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन्

- स्थानीय स्तरबाट शिक्षक नियुक्ति प्रक्रियामा राजनैतिक प्रभाव / दवाव ।
- शिक्षकहरु तालिम प्राप्त नहुनु ।
- शिक्षकहरूमा जवाफदेहिताको अभाव ।

४.२.४.उद्देश्य:

यस गाउँपालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् ।

- स्थानीय तहबाट शिक्षक नियुक्ति प्रणालीलाई पारदर्शी र प्रभावकारी वनाउँदै सामुदायिक विद्यालयहरूमा आवश्यक शिक्षकको व्यवस्थापन सुनिश्चित गर्नु ।
- विद्यालय तहमा कार्यरत सबै शिक्षकहरूलाई पूर्ण तालिम (शिक्षा विषय र TPD सहित) उपलब्ध गराई शिक्षण सिकाइ क्रियाकलापको गुणस्तर सुधार गर्नु ।
- तहगत शिक्षक व्यवस्थापनलाई विद्यार्थी सङ्ख्या र शैक्षिक आवश्यकता अनुसार पुनर्संरचना गरी विद्यालय शिक्षामा समानता कायम गर्नु ।
- शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु तथा सवै तहमा योग्य ,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
- शिक्षकहरूमा जवाफदेहिता अभिवृद्धि गराउनु ।

४.२.५ रणनीतिहरू:

- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाउने।
- तहगत र विषयगत शिक्षक दरबन्दी मिलान गर्ने शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- शिक्षक पेशागत सहयोग प्रणालीका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्ने।
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गर्ने ।
- ५ वर्षे सेवा निरन्तरता संझौता गरी क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. तथा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर प्रदान गर्ने ।
- शिक्षकहरूमा जवाफदेहिता अभिवृद्धि गराउन सकारात्मक सोंच सम्बन्धि तालिम प्रदान गर्ने।

४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य:

क. अपेक्षित उपलब्धिहरु:

- शिक्षकहरूमा जवाफदेहिता अभिवृद्धि भई शिक्षण सिकाई प्रक्रियामा सुधार भएको हुनेछ ।
- प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

ख. अपेक्षित नतिजाहरु:

- यस गाउँपालिका अन्तर्गत स्वयम् सेवक शिक्षकहरू व्यवस्था गरी शिक्षण सिकाइ सहज हुनेछ।
- शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ ।
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ ।
- शिक्षक विद्यार्थी अनुपात व्यवस्थापन भएको हुनेछ
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुनेछ ।
- बालबालिकाहरुको सिकाई उपलब्धिमा उल्लेख्य सुधार भएको हुनेछ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालबिकास र शिक्षामा कार्यरत तोकिएको योग्यता शिक्षक तथा सहजकर्ताको संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक संख्या | ७४ | ७४ | ८० | ८३ | ८६ | ९० |
| ३. | माध्यमिक तहमा ( ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या | १६ | २३ | १६ | २० | २३ | २७ |
| ४. | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक संख्या | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ५. | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ |
| ६. | सकारात्मक सोंच | ० | ३० | ३० | ३० | ३० | ६० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्बन्धि तालिम प्राप्त गर्ने शिक्षकहरूको संख्या | | | | | | |

## ५.२.७. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य (बजेट रु. हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १. | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन पुन बितरण र समायोजन | | ४०० | - | ४०० | - | ४०० | | |
| २. | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | | १७,३८८ | १७,३८८ | १७,३८८ | १७,३८८ | १७,३८८ | | |
| ३. | १५ %देखि ३५ %माध्यमिक शिक्षकहरुलाई गणित बिषय र अंग्रेजी बिषयको बिषयबस्तुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम | | ५२ | ५२ | ५२ | ५२ | ५२ | | |
| ४. | शिक्षकहरुलाई ICT मा आधारित तिन दिने Online/Offline सिकाई सम्बन्धी तालिम | | ७६२ | ७६२ | ७६२ | ७६२ | ७६२ | | |
| ५. | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि | | १,५२६ | १,५२६ | १,५२६ | १,५२६ | १,५२६ | | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० दिने प्रशिक्षण तालिम | | | | | | | | |
| ७. | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशि क्ष क प्रशिक्षण तालिम | | २,००० | २,००० | २,००० | २,००० | २,००० | | |
| ८. | ECED शिक्षकहरूको लागि १० दिने आधारभूत तालिम | | २८० | २८० | २८० | २८० | २८० | | |
| ९. | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम | | ७४२ | ७४२ | ७४२ | ७४२ | ७४२ | | |
| १०. | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम | | ६१६ | ७२९ | ७८५ | ८४१ | ८९७ | | |
| ११ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता | | ५०८ | ५५० | ५९२ | ६३५ | ६७७ | | |
| १२ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम | | १,२९० | ८५४ | ८५४ | ९४१ | ९७८ | | |
| १३. | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता | | १४० | १९६ | २५२ | २८० | ३०८ | | |
| १४. | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD | | १४० | १९६ | २५२ | २८० | ३०८ | | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Certification तालिम | | | | | | | | |
| १५. | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता | | १४० | १९६ | २५२ | २८० | ३०८ | | |
| १६. | आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम | ० | ५० | ७५ | १०० | १२५ | १५० | १७५ | स्थानीय |
| १७. | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू | ० | १२० | १४० | १५५ | १६५ | १७५ | १८० | स्थानीय |
| १९ | शिक्षकहरूलाई सकारात्मक सोंच सम्बन्धि तालिम | ० | ५०० | - | ५०० | - | ५०० | १५०० | स्थानीय |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था:

यस गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र, आधारभूत तह, र माध्यमिक तहमा शिक्षाको पहुँच र समावेशीकरणको स्थिति विविध रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा लैङ्गिक अनुपात १.०१ % रहेको छ, जसले महिला र पुरुष बालबालिकाको सहभागितामा झिनो असमानता देखाउँछ । कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक (प्रतिशत) १.०६ % रहेको छ, जसले महिला बालबालिकाको सहभागिता पुरुष बालबालिकाभन्दा बढी भएको संकेत गर्दछ, भने माध्यमिक तहमा १.३५% अनुपात रहेको छ, जसले लगभग समान सहभागितालाई प्रस्ट पार्दछ । कुल सामुदायिक विद्यालयहरु मध्ये, विशेष विद्यालयको संख्या १ मात्र रहेको छ, जुन

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

...त प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि ...लन गरिएको छ ।

...ल गाउँपालिकामा शिक्षा प्रणालीको व्यवस्थापनमा स्थानीय तह र समुदायको सक्रियता महत्वपूर्ण ... । गाउँपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक ...भिभावक संघ, र सामाजिक परीक्षण समितिहरूमा महिला र दलितको सहभागिता रहेको छ जसले ...ती निर्माणदेखि कार्यान्वयनसम्म समावेशी दृष्टिकोणलाई प्रवर्द्धन गरेको छ । विशेष रूपमा, ...माजिक परीक्षण समितिले शिक्षाको गुणस्तर र पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै ...एको छ । यद्यपि थप सुधारका लागि प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रदेखि माध्यमिक ...तहसम्म लैङ्गिक अनुपातलाई सन्तुलित गर्न, विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि विद्यालयहरूको संख्या वृद्धि गर्न, र महिलाहरूको नेतृत्वसहित दलितहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्न पहल आवश्यक छ । यस प्रक्रियामा समुदाय र सरोकारवालाहरूबीच सहकार्यलाई थप सुदृढ गर्दै शिक्षाको गुणस्तर र समावेशीकरणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

### ४.३.२ शैक्षिक समता र समावेशीकरणका चुनौतीहरू:

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

- ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये निरक्षर जनसङ्ख्या ४७.१ प्रतिशत रहेको छ ।
- लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्न चुनौती कायम रहेको छ ।
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
- मुस्लिम, दलित तथा सिमान्तकृत समुदायका बालबालिका, किशोरकिशोरी तथा युवाहरुको शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु ।
- विद्यालयहरूमा विभेदरहित, बालमैत्री, तथा लैङ्गिक मैत्री वातावरणको स्थापना गर्न चुनौतीहरू हुनु ।
- विद्यालयहरुमा महिनावारी स्वच्छता व्यवस्थापनमा कठिनाई हुनु।
- बालिका तथा समावेशी शिक्षा संजाल एवं सुझाव पेटिका ब्यवस्थापन र कार्यान्वयन प्रभावकारी नहुनु।

### ४.३.२ उद्देश्यहरू:

- शिक्षाको मूलधारबाट वञ्चित बालबालिका, किशोरकिशोरी तथा युवाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- शैक्षिक सुशासनलाई मजबुत र प्रभावकारी गर्नु ।
- विद्यालयहरूलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, तथा बालमैत्री गर्नु ।
- अपांगता भएका बालबालिकाहरुको पहिचान र सहयोग गर्नु ।

जय कुमार यादव
अध्यक्ष

गाउँपालिका भित्रका सबै विद्यालयहरुमा बालिका तथा समावेशी शिक्षा संजाल गठन गरी गुनासो सुनुवाई व्यवस्थापन र प्रभावकारी कार्यान्वयन गर्नु ।
गाउँपालिका भित्रका सबै विद्यालयहरुमा महिनावारी स्वच्छता व्यवस्थापन सुनिस्चित गर्नु ।

४.३ शैक्षिक समता र समावेशीकरणका लागि रणनीतिहरू:

- शिक्षाको महत्त्व र समावेशी शिक्षाको आवश्यकता सम्बन्धमा स्थानीय समुदायमा जनचेतना फैलाउने । विशेषगरी सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाका अभिभावकलाई शिक्षामा प्रोत्साहित गर्ने ।
- विद्यालयमा विशेष आवश्यकता भएका बालबालिकाहरुको पहिचान गरी आवश्यक सहयोग सुनिस्चित गर्ने ।
- सीमान्तकृत, दलित, र महिला बालबालिकाका लागि छात्रवृत्ति र विशेष सहायता कार्यक्रम लागु गर्ने ।
- विद्यालयहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचका लागि र्याम्प, हाते रेलिङ, र सुविधा सम्पन्न शौचालय जस्ता पूर्वाधार निर्माण गर्ने ।
- कक्षाकोठा र पाठ्यक्रमलाई लैङ्गिक समानतामूलक र समावेशी बनाउन पुनरावलोकन गर्ने ।
- शिक्षकहरूलाई बालमैत्री शिक्षा प्रविधिका लागि विशेष प्रशिक्षण दिने ।
- शिक्षण विधिलाई सुधार गर्न विशेष गरी लैङ्गिक समानता र समावेशी शिक्षाको प्रवर्द्धनमा प्रशिक्षण दिने।
- शिक्षा क्षेत्रमा लगानी बढाउन नीतिगत पहल गर्ने ।
- विद्यालय छोड्ने बालबालिकाको पहिचान गरी उनीहरूलाई पुनः विद्यालय फर्काउने कार्यक्रम सञ्चालन गर्ने ।
- किशोर-किशोरीहरूलाई व्यावसायिक सीप र शिक्षाको संयोजन कार्यक्रममार्फत आकर्षित गर्ने ।
- गाउँपालिका भित्रका सबै विद्यालयहरुमा लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षक चयन गरी क्षमता विकास गर्ने र परि चालन गर्ने ।

उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

४.३.४ अपेक्षित उपलब्धिहरु:

विद्यालय तहको शिक्षामा सबै बालबालिका, किशोरकिशोरी तथा युवाहरुको समतामूलक पहुँच, सहभागिता र सिकाई सुनिश्चित भएको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



जय कुमार यादव
अध्यक्ष

CamScanner

## ४ अपेक्षित नतिजाहरु

- सबै बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि निशुल्क तथा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइको अवसर सुनिश्चित भएको हुनेछ ।
- सबै बालबालिका, किशोरकिशोरी तथा युवाहरुको लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित भएको हुनेछ।
- विद्यालयहरुमा बालमैत्री वातावरण सिर्जना भएको हुनेछ ।
- विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरणको स्थापना हुनेछ ।
- अपांगता भएका बालबालिकाहरुको पहिचान र सहयोग भएको हुनेछ ।
- किशोरीहरूको शिक्षामा पहुँच वृद्धि गर्दै मनोसामाजिक परामर्श प्रदान भएको हुनेछ ।
- मातृभाषामा सिकाइको अवसर उपलब्ध गराई शिक्षालाई थप प्रभावकारी भएको हुनेछ ।

| क्र.सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सख्या | ७.४ | ७.४ | ७.०५ | ६.७२ | ५ | ०.५ |
| २. | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०६ | १.०६ | १.०६ | १.०६ | १.०६ | १.१ |
| ३. | माध्यमिक तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५२.१ | ४५ | ३५ | ३० | २५ | २० |
| ४. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.३५ | १.३५ | १.३६ | १.१ | १.१ | १.१ |

### ४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| १. | निरक्षर र विद्यालय वाहिर रहेका बालबालिका ,किशोर किशोरीहरुको विवरण संकलन गरी खणडिकृत रुपमा तथ्याकं त्यार | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघिय, प्रदेश,स्थानीय र संघसंस्था |
| २. | अपांगता भएका बालबालिकाहरुको पहिचान र सहयोग | २० | २० | २० | २० | २० | १०० | संघिय, प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | ० | ५०० | ५०० | ५०० | | १५०० | संघिय,प्रदेश , स्थानीय र संघसंस्था |
| ४. | सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन गर्ने | ० | ५०० | ५०० | ५०० | | १५०० | संघिय,प्रदेश , स्थानीय र संघसंस्था |
| ५. | आयमुलक तथा सींपमुल्क कार्यक्रम | १००० | २०० | २०० | ३०० | २०० | १००० | संघिय,प्रदेश , स्थानीय र संघसंस्था |
| ६. | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघ संस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | संघिय,प्रदेश , स्थानीय र संघसंसस्था |
| ७ . | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास | ० | ५० | ५० | ५० | | १५० | संघिय,प्रदेश , स्थानीय र संघसंस्था |
| ८. | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम संचालन | २०० | २०० | २०० | २०० | २०० | २०० | संघिय,प्रदेश , स्थानीय र संघसंस्था |
| ९ . | सवै सरोकारवलाको | १२० | १२० | १२० | १२० | १२० | १२० | संघिय,प्रदेश , |



प्रमुख प्रशासकीय अधिकृत

कुमार यादव
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहभागिता मा अनुगमन तथा समिक्षा | | | | | | | स्थानीय र संघसंस्था |
| १०. | शिक्षकहरुको लागि गुणस्तरीय समावेशी शिक्षा सम्बन्धि तालिम | ० | ५०० | ० | ५०० | ० | १००० | स्थानीय |
| ११. | विद्यालयहरुमा बालमैत्री पूर्वाधार निर्माण / मर्मत सम्भार | ० | १००० | १५०० | २००० | २००० | २५०० | स्थानीय |
| १२. | जम्मा | १,८२० | २,१७० | २,१७० | २,२७० | १,१२० | ३,५५० | स्थानीय |

## ५.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

नेपालमा सन् १९७४ देखि छानिएका प्राथमिक विद्यालयहरुमा विश्व खाद्य कार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रदेखि कक्षा ५ का सबै विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ । नेपाल सरकारले विगत केही वर्षदेखि यस कार्यक्रमको लगानी विस्तार गर्दै आर्थिक वर्ष २०८१/८२ का लागि ८ अर्ब ४५ करोड रकम छुट्याएको छ ।

शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याउँदै उनीहरुलाई विद्यालयमा टिकाइ राख्न योगदान पुऱ्याउने महत्त्वपूर्ण पहलका रूपमा यसलाई स्वीकार गरेको छ ।

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषण अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, र समाजमा योगदान गर्ने क्षमतालाई प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि सेनेटरी प्याड, फोलिक एसिड, र आइरन चक्की वितरण जस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् ।

### सरसफाई तथा स्वच्छता

विद्यालयको सरसफाइ र स्वच्छताले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । यसले बालबालिकाको जीवनशैली सुधार गर्नाका साथै समुदायमा पनि सकारात्मक प्रभाव पार्दछ । कतिपय विद्यालयहरूमा सरसफाइ र स्वच्छताका लागि पूर्वाधार अपूर्ण छन् । विपद्, जोखिम, र महामारी व्यवस्थापनका लागि थप सुधार आवश्यक छ ।

प्रमुख प्रशासकीय अधिकृत

उदय कुमार यादव
अध्यक्ष

४.१ वर्तमान अवस्था

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम सुरु गरेपछि यस गाउँपालिकाका १२ विद्यालयका कक्षा १–५ का विद्यार्थी लाभान्वित भएका छन् । गाउँपालिकाको निर्देशनअनुसार फरक-फरक स्वास्थ्यवर्द्धक दिवा खाजाको वितरण गरिँदै आएको छ ।

कक्षा ६–८ का किशोरीका लागि सेनेटरी प्याड, फोलिक एसिड, र आइरन चक्की वितरण कार्यक्रम सञ्चालन भएको छ । विद्यालयमा नआउने विद्यार्थीलाई स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन स्थानीय स्वयंसेवक परिचालन गरिएको छ ।

सामुदायिक विद्यालयमा शौचालय सुविधा भए पनि कतिपयको सरसफाइ अवस्थामा सुधार आवश्यक छ। सबै विद्यालयमा शुद्ध पिउने पानी उपलब्ध रहेको छ ।

४.२.२ उद्देश्यः

- सबै बालबालिकाहरुका लागि विद्यालयमा स्वस्थकर र पौष्टिक खाजा प्राप्ति सुनिश्चित गर्नु ।
- विद्यालय दिवा खाजा कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विद्यालयहरूमा स्वास्थ्य, पोषण, र सरसफाइ सेवा सुधार गर्नु ।
- सरोकारवालाहरूको समन्वयमार्फत बालबालिकाको स्वास्थ्य, पोषण, र सिकाइमा सुधार गर्नु ।
- बालबालिकाहरु मार्फत परिवार एवं समुदायमा उचित स्वास्थ्य तथा पोषण शिक्षा विस्तार गर्नु

४.४.३ रणनीतिहरूः

- शिक्षा, स्वास्थ्य, र कृषि क्षेत्र समेटेर विद्यालय स्वास्थ्य तथा पोषण रणनीति निर्माण गर्ने ।
- विद्यालयमा नै स्थानीय स्तरमा उपलब्ध ताजा र पौष्टिक खाजा तयार गरी विद्यार्थीलाई खुवाउने ।
- विद्यालयमा सामूहिक रूपमा सरसफाई, फोहर व्यवस्थापन र हात धुन अभ्यस्त गराउने ।
- सबै विद्यालयहरु मा प्राथमिक उपचार बक्स उपलब्ध गराउने र प्राथमिक उपचार विधिका अद्यावधिक जानकारी दिने ।
- अभिभावक, आमा समूहमार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
- सरसफाइका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।
- बालबालिकाहरु तथा विद्यालय मार्फत परिवार एवं समुदायमा उचित स्वास्थ्य तथा पोषण शिक्षा विस्तार गर्ने

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

### ४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. अपेक्षित उपलब्धिहरु:**

बालबालिकाको स्वास्थ्य र पोषणमा सुधार भई स्वच्छ पिउने पानी र सरसफाइमा जागरूकता भएको हुनेछ ।

**ख. नतिजा तथा परिमाणात्मक लक्ष्य:**

- विद्यालय दिवा खाजा कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय, एक स्वास्थ्य नर्स भएको हुनेछ ।
- सबै विद्यालयहरुमा प्राथमिक उपचार बक्स उपलब्ध गराई समयसापेक्ष अद्यावधिक हुनेछ ।
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षासम्बन्धी विषय समावेश भएको हुनेछ ।
- सरसफाइसम्बन्धी आवश्यक पूर्वाधार विकास भएको हुनेछ ।
- स्थानीय उत्पादनमार्फत पोषणयुक्त दिवा खाजा सुनिश्चित भएको हुनेछ ।

**ग. परिमाणात्मक लक्ष्य:**

| क.स. | सूचक | एकाइ | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २. | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप | | १०० | १०० | १०० | १०० | १०० | १०० |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्राप्त गरेका बालबालिका (%) | | | | | | | |
| | दिवा खाजा प्राप्त गर्ने कक्षा | | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ |
| | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | ० | ० | २१ | २१ | २१ | २१ |
| | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय सङ्ख्या | | १२ | १२ | १२ | १२ | १२ | १२ |
| ६. | नर्सिङ् सेवा तथा सुविधा पुगेको विद्यालय सङ्ख्या | | ० | ० | १२ | १२ | १२ | १२ |
| ७ | स्वास्थ्य तथा पोषण अभिमुखीकरण बाट लाभान्वित अभिभावक संख्या | ० | २०० | ३०० | ४०० | ५०० | ५०० | ५०० |

### ४.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय दिवा खाजा कार्यविधि निर्माण र परिमार्जन | पटक | [illegible] | १ | ० | ० | ० | २ | गाँउपालिका |
| | माध्यमिक विद्यालय एक स्वास्थ नर्स व्यवस्थापन | संख्या | ० | १२ | १२ | १ | १२ | १२ | गाँउपालिका |
| | सबै विद्यालयमा प्राथमिक उपचार बाकस वितरण | पटक | १२ | १२ | १२ | १२ | १२ | २४ | गाँउपालिका |
| ४. | सरसफाइ सम्बन्धी किट सहित आवश्यक पूर्वाधार विकास | संख्या | १२ | १२ | १२ | १२ | १२ | २४ | गाँउपालिका |
| ५. | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | पटक | १२ | १२ | १२ | १२ | १२ | २४ | विद्यालय |
| ६. | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | १२ | १२ | १२ | १२ | १२ | २४ | विद्यालय |
| ७. | अभिभावक आमा समूह बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | विद्यालय |

### ४.५ . विद्यालय सुरक्षा, विद्यालय विपद जोखिम न्यूनिकरण तथा उत्थानशील शिक्षा

परिस्थितिजन्य शिक्षा भन्नाले कुनै पनि संकट, द्वन्द्व, प्राकृतिक प्रकोप, महामारी, वा युद्ध जस्ता परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने उद्देश्यले तयार पारिएका शैक्षिक कार्यक्रमहरूलाई बुझिन्छ । यसको मुख्य ध्येय संकटको समयमा बालबालिकाको जीवन रक्षा, शिक्षा निरन्तरता, प्रकोप व्यवस्थापन, र सामाजिक द्वन्द्व तथा हिंसाबाट सुरक्षा प्रदान गर्नु हो ।

यस अवधारणाले तीन मुख्य पक्षहरूमा केन्द्रित छः

**पूर्व तयारी** - सम्भावित संकटहरूको पहिचान गर्दै जोखिम न्यूनीकरणका उपायहरूको योजना बनाउने ।

**तत्काल प्रतिकार्य** - संकटका बेला हुने क्षतिको न्यूनीकरण गर्दै शैक्षिक कार्यक्रमलाई यथाशीघ्र पुनः सञ्चालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष

...नशीलता निर्माण - संकटपछि पुनःनिर्माण र पुनर्स्थापनाका कार्यक्रम मार्फत शिक्षालाई ...कालीन रूपमा सुदृढ बनाउने ।

...स्थितिजन्य शिक्षालाई बाल अधिकारको रूपमा स्वीकार गरिएको छ। यसका लागि विभिन्न ...राष्ट्रिय कानुन, घोषणाहरू, र प्रतिबद्धताहरूले मार्गनिर्देशन गरेका छन् । नेपालले पनि आफ्नो ...ति तथा योजनाहरूमा यस अवधारणालाई समेट्दै संकट र आपतकालीन अवस्थाका लागि विशेष ...मिकताका कार्यक्रमहरू निर्माण गरेको छ । २०७२ सालको विनाशकारी भूकम्प, बाढीपहिरो, ...पहिरो, तथा हाल सालका महामारी (जस्तै, कोभिड-१९) जस्ता घटनाबाट पाठ सिक्दै, आगामी ...कका लागि संकट व्यवस्थापन र शैक्षिक योजना तयार गरिएको छ ।

...अवधारणालाई आत्मसात गरेर यस गाउँपालिकाले आगामी १० वर्षभित्र शिक्षा प्रणालीलाई थप ...त्थानशील बनाउनका लागि प्राथमिकता निर्धारण गरेको छ । संकट व्यवस्थापन, सिकाई ...रन्तरता, र प्रकोप पछिको पुनर्स्थापनालाई प्रभावकारी बनाउने लक्ष्य सहित यसले बालबालिकाको ...क्षाको अधिकार सुनिश्चित गर्न विशेष पहलहरू अगाडि बढाएको छ ।

**...र्तमान अवस्था:**

...स गाउँपालिकामा विपद् र संकटका समयमा पनि शिक्षण-प्रक्रियालाई निरन्तरता दिन र व्यवस्थापन ...र्न योजनाबद्ध प्रयास गरिएको छ । उदाहरणका लागि, कोभिड-१९ महामारीका कारण अस्तव्यस्त ...नेको शैक्षिक सत्र २०७७ मा विद्यालयहरूको संयुक्त प्रयासबाट फोन र टोल सिकाइ योजना लागू ...री बालबालिकाको सिक्ने अधिकारलाई सुरक्षित गर्दै सिकाइलाई निरन्तरता दिइएको थियो । ...ाध्यमिक विद्यालयहरूले अनलाइन कक्षाहरू सञ्चालन गरे भने तल्लो कक्षाका विद्यार्थीहरूको लागि ...शिक्षकहरू टोलमै पुगेर सिकाइ सहजीकरण गरेका थिए ।

...विपद्का लागि सहयोग पुऱ्याउन यस पालिकामा प्रतिकार्य समिति र नेपाल रेडक्रस सोसाइटीको ...उपशाखा सक्रिय छन् । विद्यालयस्तरमा बालक्लब र जुनियर रेडक्रस सर्कलहरूले विपद्बारे सचेतना ...जगाउने कार्य गर्दै आएका छन् । स्थानीय पाठ्यक्रम निर्माणको क्रममा तल्लो कक्षादेखि नै विपद् ...जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गर्ने योजना छ ।

...कोभिड-१९ महामारीका कारण बालबालिकाहरू एक वर्षभन्दा बढी विद्यालय जान नपाउँदा सिकाइ ...क्षति भएको छ । यद्यपि, द्रुत सिकाइ कार्यक्रममार्फत यसलाई पुरा गर्ने प्रयास गरीए पनि यो ...पूर्णरूपमा प्रभावकारी रूपमा लागू भएको देखिँदैन।

### ४.५.३.विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा क्षेत्र प्रमुख चुनौतिहरू

- कोभिड-१९ महामारीका कारण बालबालिकामा सिकाइ क्षति पुग्नु ।
- विपद् व्यवस्थापनका लागि आवश्यक भौतिक, प्राविधिक, र वित्तीय स्रोतहरूको अभाव

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- ग्रामीण क्षेत्रका बालबालिकामा अनलाइन शिक्षा वा अन्य प्रविंधिमार्फत शिक्षामा पहुँच सुनिश्चित गर्न कठिनाइ ।
- विपद् जोखिम न्यूनीकरणका लागि जनशक्ति र स्रोत व्यवस्थापन हुन नसक्नु ।
- संकट र विपद्का कारण बालबालिकामा मनोसामाजिक समस्या हुनु ।
- विपद् व्यवस्थापन र शिक्षामा निरन्तरता दिन अभिभावक, स्थानीय सरकार, र समुदायको समन्वयको कमि हुनु ।
- विपद् व्यवस्थापन समिति र अन्य निकायहरूले संकटको समयमा समयमै निर्णय र कार्यान्वयन गर्न नसक्नु
- प्रधानाध्यापक, शिक्षक तथा शिक्षक हरुमा विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा सम्बन्धि ज्ञान तथा सिपको अभाव

### ४.५.४ .परिस्थितिजन्य शिक्षाका उद्देश्यहरू

- संकट र विपद् अवस्थामा पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्नु ।
- शिक्षण-प्रक्रियालाई निरंतरता दिन आवश्यक भौतिक संरचना स्रोत, साधन, र प्रविधिको पहुँच सुनिश्चित गर्नु ।
- बैकल्पिक सिकाई सहजीकरण गरी बालबालिकाको सिकाइ क्षति न्यूनीकरणर शैक्षिक स्तर सुधार गर्नु ।
- विपद् जोखिम न्यूनीकरणका विषयवस्तुहरू स्थानीय पाठ्यक्रममा समावेश गरी विपद् व्यवस्थापनमा जनचेतना वृद्धि गर्नु ।
- विद्यालय, समुदाय, र सरकारी निकायबीच समन्वय बलियो बनाउँदै संकट व्यवस्थापनको प्रभावकारिता सुधार गर्नु ।
- प्रधानाध्यापक, शिक्षक तथा शिक्षक हरुमा विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा सम्बन्धि क्षमता अभिवृद्धि गर्नु
- सुरक्षित विद्यालय अभियानमा गाउँपालिकोको लगानी अभिवृद्धि गर्नु

### ४.५.५ रणनीतिहरू

- प्रधानाध्यापक, शिक्षक तथा शिक्षक हरुमा विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा सम्बन्धि क्षमता अभिवृद्धि गर्ने ।
- सुरक्षित विद्यालय अभियानमा गाउँपालिकोको लगानी अभिवृद्धि गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- ग्रामीण क्षेत्रका विद्यालयहरूमा डिजिटल प्रविधि (जस्तैः टयाब्लेट, कम्प्युटर) र इन्टरनेट पहुँचको व्यवस्था र विपन्न बालबालिकालाई पाठ्यपुस्तक, स्टेशनरी, तथा अन्य शिक्षण सामग्री निःशुल्क उपलब्ध गराउने ।
- तल्लो कक्षादेखि नै विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction) र विपद् व्यवस्थापनका विषयवस्तुहरू समावेश गर्नु तथा स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवाला (विद्यालय, शिक्षक, समुदाय) को सहभागीता सुनिश्चित गर्ने
- संकटबाट प्रभावित बालबालिकाका लागि विद्यालयस्तरमा मनोवैज्ञानिक परामर्शको व्यवस्था गर्ने ।
- विद्यालयस्तरमा विपद् प्रतिकार्य (Disaster Response) योजना तयार पार्ने तथा बालक्लब र जुनियर रेडक्रस सर्कललाई विपद् व्यवस्थापन र जनचेतना अभियानमा सहभागी गराउने ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा न्युनतम कार्यक्रम कार्यान्वायन गर्ने

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजाहरु:

क. अपेक्षित उपलब्धिहरु:

- आपतकालीन अवस्थामा पनि बालबालिकाहरुको सुरक्षा सहित शिक्षा पाउने अधिकारको सुनिश्चितता भएको हुनेछ ।

ख. नतिजा तथा परिमाणात्मक लक्ष्य:

- गाउँपालिकाका सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा न्युनतम कार्यक्रम कार्यान्वयन भएको हुनेछ ।
- विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी योजना र क्षमता विकास सुनिश्चिता भएको हुनेछ ।
- वृहत विद्यालय सुरक्षा न्युनतम कार्यक्रम कार्यान्वयनमा गाउँपालिकाको लगानी अभिवृद्धि भएको हुनेछ।

ग) परिमाणात्मक लक्ष्य:

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता | ३ | ३ | ३ | ३ | ३ | ३ |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | | | | | | |
| २. | हरित विद्यालय सँख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ३. | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ४. | विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा सम्बन्धि क्षमता विकास कार्यक्रमबाट लाभान्वित प्रधानाध्यापक तथा शिक्षकहरुको संख्या | ० | ५० | ५० | ६० | ६० | १०० |
| ५. | वृहत विद्यालय सुरक्षा न्युनतम कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | ५ | १० | १५ | २० | २५ |

४.५.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:

| क.स | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिकाका सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा न्युनतम कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० | संघ, प्रदेश, गाँउपालिका |
| ४. | समुदायमा सूचना तथा संचार प्रविधिको विस्तार | प्रतिशत | २० | ४० | ६० | ७० | ८० | १०० | गाँउपालिका |
| | प्रधानाध्यापक तथा शिक्षकहरुको लागि विद्यालय सुरक्षा, सिकाई निरन्तरता एवं उत्थानशील शिक्षा सम्बन्धि क्षमता विकास कार्यक्रम | संख्या | ० | ५० | ५० | ६० | ६० | १०० | गाउँपालिका |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि पठनपाठनमा सुविधाजनक रूपमा सहभागी हुन प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर क्षेत्रफल चाहिन्छ ।

विद्यालयमा बालबालिकालाई भर्ना गर्न र सिकाइलाई प्रभावकारी बनाउन सुरक्षित विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, र सरसफाइ जस्ता भौतिक पूर्वाधार आवश्यक छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, र अन्य आधारभूत भौतिक पूर्वाधार तयार गर्दै विद्यालयलाई सुरक्षित, बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लक्ष्य राखेको छ ।

जय कुमार यादव
अध्यक्ष

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षा, चुनौतीहरूको पहिचान, र आगामी दश वर्षका उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलाप, तथा लक्ष्य प्रस्तुत गरिएका छन् ।

४.६.१ वर्तमान अवस्था:

यस गाउँपालिकामा कूल १२ सामुदायिक विद्यालय छन्, जसमा २८ ओटा पक्की भवनहरू छन् र ती भवनमा १७६ पक्की कक्षाकोठा समावेश छन् । सवै विद्यालयहरुमा छात्र र छात्रा शौचालय निर्माण गरिएको भए पनि कतिपय शौचालय जिर्ण अवस्थामा पुगेका छन्। खानेपानीको आफ्नै स्रोत भएका विद्यालयहरूको संख्या १० रहेको छ भने ७ ओटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ । पर्याप्त खेल मैदान भएका विद्यालयहरूको संख्या ४ छ। विद्यालयका भौतिक पूर्वाधारहरूको अवस्था सुधार गर्न जिर्ण शौचालय मर्मत, पुस्तकालयहरूको व्यवस्थापन, खानेपानीको स्रोतको सुनिश्चितता, इन्टरनेटको पहुँच विस्तार, र खेल मैदानहरूको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

४.६.२ चुनौतीहरू:

- विद्यालय पूर्वाधार निर्माणका लागि पर्याप्त श्रोत व्यवस्थापन गर्न नसक्नु ।
- विद्यालय पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी, र जवाफदेही बनाउन नसक्नु ।
- सुरक्षित विद्यालय पूर्वाधार निर्माणका लागि मापदण्ड अनुसार गुरुयोजना विकास र कार्यान्वयन गर्न नसक्नु ।
- बालमैत्री विद्यालय प्रारूप अनुरुप विद्यालय भौतिक पूर्वाधार सुनिस्चित गर्न नसक्नु ।

४.६.३ उद्देश्य:

- बालमैत्री विद्यालय प्रारूप अनुरुप विद्यालय भौतिक पूर्वाधार सुनिस्चित गर्नु ।
- विद्यालय पूर्वाधार निर्माणका लागि पर्याप्त श्रोत व्यवस्थापन गर्नु ।

४.६.४ रणनीतिहरू:

- बालमैत्री विद्यालय प्रारूपबारे जनप्रतिनिधि एवं विद्यालय परिवारको क्षमता विकास गर्ने ।
  विद्यालय तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकास सुनिस्चित गर्ने ।
- संघसंस्था र सरोकारवालाहरूसँग लागत साझेदारी गर्दै पूर्वाधार विकास गर्ने ।
- भवन निर्माण गर्दा कक्षाकोठा, शिक्षक कक्ष, प्रशासनिक कक्ष, शौचालय, पिउने पानी, र खाजा गृहको योजना समावेश गरी डिजाइन गर्ने ।
- विपद् प्रभावित विद्यालय भवनको वैकल्पिक व्यवस्था गर्दै स्तरोन्नति गर्ने ।
- आंशिक रूपमा क्षति भएका संरचनाको मर्मत सम्भार गर्ने ।
- बालमैत्री विद्यालय प्रारूप अनुरुप विद्यालय भौतिक पूर्वाधार निर्माण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

### ६.५ प्रमुख उपलब्धि तथा नतिजाहरु:

अपेक्षित उपलब्धिहरु:

- सबै विद्यालयहरुमा बालमैत्री विद्यालय प्रारूप अनुरुप भौतिक पूर्वाधार निर्माण सुनिश्चित भएको हुनेछ ।
- सुरक्षित सिकाई वातावरण मार्फत बालबालिकाहरुमा सिकाई उपलब्धि अभिवृद्धि भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

- सबै विद्यालयहरुमा बालमैत्री विद्यालय प्रारूप अनुरुप भौतिक पूर्वाधार निर्माण सुनिश्चित गर्न १० वर्षे गुरुयोजना तयार भएको हुनेछ ।
- सबै विद्यालयहरुमा बालमैत्री विद्यालय प्रारूप अनुरुप भौतिक पूर्वाधार निर्माण भएको हुनेछ ।
- बालमैत्री विद्यालय प्रारूप अनुरुप विद्यालय भौतिक पूर्वाधार सुनिश्चित गर्न लाई आवश्यकता पर्ने श्रोत सुनिस्चित गरेको हुनेछ ।

अपेक्षित नतिजाहरु:

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | बालमैत्री विद्यालय सँख्या | ० | २ | ५ | ५ | ० | ० |
| २. | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | १० | १० | १० | १० | १० | १० |
| ३. | सवलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | १० | १२ | १५ | १५ | १५ | १५ |
| ४. | नयाँ निर्माण गर्नु पर्ने शौचालय | १२ | १२ | १२ | १२ | [illegible] | [illegible] |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या (सबै विद्यालय मा १/१ वटा) | | | | | | |
| ५. | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय संख्या | १० | २ | २ | २ | २ | २ |

४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

यस गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्ष्य यस तालिकामा दिएको छ

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय कक्षाकोठा निर्माण | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २. | विद्यालयहरूको कक्षा कोठा सबलीकरण | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३. | विद्यालयहरूमा बनेका संरचनाको मर्मत सम्भार | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ४. | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ५. | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

प्रमुख प्रशासकीय अधिकृत

कुमार यादव
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अलग्गै शौचालय | | | | | | | | | |
| ८. | बालमैत्री विद्यालय संरचना निर्माण | सङ्ख्या | ० | १ | १ . | १ | १ | ४ | ८ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनी, तस्बिर, अक्षर तथा तथ्याङ्क जस्ता सूचनाहरूलाई विद्युतीय यन्त्र (जस्तै, कम्प्युटर तथा दूरसञ्चार प्रविधि) को प्रयोग गरी भण्डारण, सम्पादन, संप्रेषण, संग्रहण, र प्रसारण गर्ने प्रक्रियालाई जनाउँछ । २१ औं शताब्दीलाई सूचना र प्रविधिको युगका रूपमा परिभाषित गरिएको छ । शिक्षाको गुणस्तर विश्वव्यापिकरण, प्रतिस्पर्धात्मकता, र आधुनिकताले भरिपूर्ण हुनु आजको आवश्यकता हो ।

विशेषगरी कोभिड– १९ जस्ता विषम परिस्थितिहरूले सूचना प्रविधिको महत्त्व अझै बढाएको छ । नेपालको शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ मा महामारी वा अन्य कारणले नियमित पठनपाठनमा अवरोध उत्पन्न भएमा वैकल्पिक माध्यम (जस्तै, रेडियो, टेलिभिजन, अनलाइन/अफलाइन पाठ, परियोजना कार्य, स्वअध्ययन, खुला शिक्षा) को उपयोग गरिने व्यवस्था गरिएको छ । यसले सूचना प्रविधिको भूमिकालाई विशेष रूपमा जोड दिएको छ ।

शिक्षाको राष्ट्रिय नीति, २०७६ को दफा ४८ ले शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई एकीकृत गर्दै विद्यालयहरूमा प्रविधिको पूर्वाधार विकास गर्ने नीति तय गरेको छ ।

### ४.७.१ वर्तमान अवस्था

हाल यस गाउँपालिकाले आ.व. २०८०/८१ मा १ विद्यालयलाई इन्टरनेट जडानका लागि बजेट विनियोजन गरेको छ । यस बाहेक गाउँपालिकाका १० विद्यालयमा मल्टिमिडिया सुविधा उपलब्ध छन् भने १ विद्यालयमा स्मार्ट बोर्ड जडान गरिएको छ । १२ ओटा विद्यालयमा विद्युत् पहुँच सुनिश्चित गरिएको छ, जबकि ४ ओटा विद्यालयमा कम्प्युटर प्रयोगशाला र १२ ओटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ । १६ शिक्षकहरूले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरीरहेका छन् । तथापि, अझै धेरैजसो शिक्षकहरू प्रविधिको पहुँच र प्रयोगबाट टाढा रहेको देखिन्छ ।

### ४.७.२ चुनौतीहरू

- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधि पूर्वाधार विस्तार नहुनु ।
- विद्यमान ई-पुस्तकालयलाई प्रभावकारी रुपमा सदुपयोग गर्न नसक्नु ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रणाली प्रभावकारी रुपमा प्रयोग नहुनु गर्न नसक्नु
- प्रविधि उपकरणहरूको सञ्चालन र व्यवस्थापनमा शिक्षकहरुको ज्ञान र सीपमा कमी हुनु
- अडियो/भिडियो कक्षाहरू सञ्चालन गर्न सरोकारवालाको सहभागिता बढाउन नसक्नु ।
- बालमैत्री र अपाङ्गतामैत्री प्रविधिको व्यवस्था र सदुपयोग गर्न नसक्नु ।
-

४.७.३ उद्देश्यहरू

- विद्यालय शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।
- एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रणाली प्रभावकारी प्रयोग गर्नु प्रविधि उपकरणहरूको सञ्चालन र व्यवस्थापनमा शिक्षकहरुको ज्ञान र सीपमा क्षमता विकास गर्नु
- कक्षाकोठालाई बालमैत्री अपांगमैत्री तथा प्रविधिमैत्री व्यवस्थापन गर्नु
- अडियो भिडियो माफर्त शिक्षण सिकाइ सहजीकरण गर्नु

४.७.४ रणनीतिहरू

- विद्यालयमा आधारभूत प्रविधि पूर्वाधार विकास मर्मत र उपकरण व्यवस्थापन गर्ने ।
- शिक्षकहरूलाई प्रविधि कौशलमा दक्ष बनाउँदै प्रविधि ज्ञानलाई अनिवार्य गर्ने ।
- विषय र कक्षाका लागि अन्तर क्रियात्मक डिजिटल सामग्री विकास गर्ने ।
- विद्यालयमा सीसी टीभी र विद्युतीय हाजिरी प्रणाली जडान गर्ने ।
- अनुगमन र मूल्याङ्कनमा प्रविधिको उपयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूसहित सबैलाई प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
- समग्र व्यवस्थापन र तथ्याङ्क पद्धतिलाई मासिक अद्यावधिक गर्ने ।
- विद्युतीय पुस्तकालयलाई नियमित अद्यावधिक र प्रयोग गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रमा प्रविधि विकास र प्रयोग गर्ने ।

४.७.५ प्रमुख उपलब्धि र नतिजा

**अपेक्षित उपलब्धिहरू:**

- विद्यालयमा प्रविधिमैत्री वातावरण निर्माण भई शिक्षामा सुशासन प्रवर्द्धन भएको हुनेछ ।
- प्रविधिमैत्री शिक्षण सिकाई मार्फत बालबालिकाहरुको सिकाई उपलब्धि अभिवृद्धि भएको हुनेछ।

**अपेक्षित नतिजाहरू:**

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

- प्रविधि उपकरणहरूको सञ्चालन र व्यवस्थापनमा शिक्षकहरूको ज्ञान र सीपमा विकास भएको हुनेछ ।
- सबै विद्यालयहरूमा डिजिटल ल्याबको स्थापना र प्रभावकारी प्रयोग भएको हुनेछ ।
- सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग भएको हुनेछ ।
- अनलाइन/अफलाइन कक्षा सञ्चालन भएको हुनेछ ।

४.७.५ प्रमुख नतिजा र लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट सुविधा उपलब्ध भएका विद्यालयको सँख्या | ४ | ४ | ५ | ३ | १२ | १२ |
| २. | शिक्षण(सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | ४ | ४ | ४ | ४ | ८ | १२ |
| ३. | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय | ० | १ | १ | १ | १ | १ |



जय कुमार ...
अध्यक्ष